# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३१२ | काठमाडौं | शनिबार, २४ फागुन २०८१ | Prabhab National Daily | Saturday, March 08, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# 'वाकिटकी'को अवैध प्रयोग नियमन गर्दै सरकार

- अनुमति नलिई वाकिटकीको प्रयोग गर्नेको संख्या बढ्दो
- तत्कालका लागि प्रयोग बन्द गरी लाइसेन्स लिन आग्रह
- वाकिटकी प्रयोगका लागि कानुन भए पनि प्रक्रिया झन्झटिलो



■ कमलकुमार बस्नेत

**काठमाडौं–** 'वाकिटकी' जस्ता सञ्चार उपकरणहरूको प्रयोग सामान्यतया सुरक्षा, आपत्कालीन सेवा, र व्यावसायिक प्रयोजनका लागि गरिन्छ । यसको प्रयोगले 'टेलिकम्युनिकेसन'को पहुँच नभएका स्थानमा पनि सञ्चार गर्न सहयोग पुग्छ । यसको प्रयोगका लागि नेपालमा सरकारसँग अनुमति लिनुपर्छ तर पछिल्लो समय अनुमति नलिई वाकिटकीको प्रयोग गर्नेको संख्या उल्लेख्य बढेपछि सूचना तथा प्रसारण विभागले नियमनका लागि अग्रसरता देखाएको छ ।

अनुमति नलिई वाकिटकीलगायत रेडियो उपकरणहरू आयात, बिक्री-वितरण भएको पाइएपछि विभागले हालै तत्कालका लागि प्रयोग बन्द गरी लाइसेन्स लिन आग्रह गरेको छ । वाकिटकीको प्रयोग गर्दा अनुमति लिने प्रक्रिया झन्झटिलो भएकाले अधिकांशले अनुमति नलिई प्रयोग गर्ने गरेको जानकारहरू बताउँछन् ।

सूचना विभागअन्तर्गत प्रसारण शाखाका निर्देशक डा. सुवोध नेपाल पनि नेपालमा वाकिटकीको प्रयोगका लागि अनुमति प्रक्रिया सहज नभएको स्वीकार्छन् । 'अनुमतिविना वाकिटकी प्रयोग गर्न पाइँदैन । यसका लागि केही प्रक्रिया पूरा गरेपछि मात्रै अनुमति पाउने व्यवस्था छ तर प्रक्रिया भने लामो छ । जे भए पनि अनुमति त लिनुपर्‍यो नि,' उनले भने । निर्देशक डा. नेपालका अनुसार वाकिटकीको प्रयोग सुरक्षासँग पनि सम्बन्धित भएकाले जिल्ला प्रशासन कार्यालय वा गृह मन्त्रालयलगायतको सिफारिस आवश्यक पर्ने हुँदा अनुमति प्रक्रिया लामो भएको हो ।

## झन्झटिलो प्रक्रिया

२०७९ असोजमा वाकिटकी प्रयोगका लागि सूचना तथा प्रसारण विभागसँग अनुमति माग गरेको एक स्थानीय तहले केही समयअघि मात्रै उपकरण खरिद गर्न अनुमति पायो । स्थानीय तहको काम कारबाहीलाई चुस्त बनाउन यसको प्रयोग माग गरिए पनि झन्डै साढे दुई वर्षपछि यही फागुन १५ गतेमात्रै अनुमति प्राप्त भएको हो । अब उपकरण खरिद गरेपछि विभागले प्राविधिक परीक्षण गरेपछि मात्रै त्यसको प्रयोग गर्न पाउने विभागको पत्रमा भनिएको छ ।

वाकिटकीको प्रयोग कानुनीरूपमा सहज नभएको लामो समयदेखि वाकिटकीको व्यवसाय गरिरहेका डिकेड इन्टरनेसनलका सञ्चालक बिबी ढकाल बताउँछन् । उनका अनुसार वाकिटकी प्रयोगका लागि कानुन भए पनि प्रक्रिया झन्झटिलो छ । 'विकट ठाउँहरूमा यो सञ्चारको सबैभन्दा प्रभावकारी माध्यम हो तर प्रयोगमा सहजता छैन,' ढकालले भने, 'खासगरी पर्वतारोहण र जलविद्युत् आयोजनाका लागि यो प्रभावकारी मानिएको छ ।'

विशेषगरी भौगोलिकरूपमा विकट क्षेत्र, जलविद्युत्लगायत आयोजना निर्माणमा वाकिटकीको प्रयोग प्रभावकारी बनेको छ । ढकालले भनेजस्तै हिमाल आरोहण गर्नेका लागि यो सञ्चारको सबैभन्दा प्रभावकारी माध्यम हो भने जलविद्युत्लगायत आयोजनामा काम गर्नेका लागि यो एकमात्रै साधन हो । 'हामीकहाँ अहिले दुईवटा 'फ्रिक्वेन्सी'मा वाकिटकीको प्रयोग भइरहेको छ ।

क्रमशः पृष्ठ २ मा

# ह्वात्तै बढे बेलायत पढ्न जाने

- यो वर्ष साउनयता मात्र २७ हजार ३५२ जनाले एनओसी अर्थात् नो अब्जेक्सन लेटर लिएर बेलायत पढ्न गएका छन् । जबकि अघिल्लो आर्थिक वर्षमा २७ हजार ३५२ जनाले बेलायत पढ्नका लागि एनओसी लिएको देखिन्छ ।
- अस्ट्रेलिया, क्यानडामा भिसा कडाइ भएसँगै नेपाली विद्यार्थीको ध्यान बेलायततिर
- डोनाल्ड ट्रम्प दोस्रोपटक राष्ट्रपति भएसँगै नेपाली अभिभावक र विद्यार्थी अमेरिका पढ्न जान पाउने कि नपाउने भन्ने अन्योलमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षमा बेलायत पढ्न जानेको संख्या ह्वात्तै बढेको शिक्षा मन्त्रालयले जनाएको छ । अघिल्लो वर्षहरूको संख्या हेर्दा पछिल्लो आठ महिनामा बेलायत पढ्न जानेको संख्या ह्वात्तै बढेको देखिएको शिक्षा मन्त्रालयको तथ्यांकले देखाएको हो । यो वर्ष साउनयता मात्र २७ हजार ३५२ जनाले एनओसी अर्थात् 'नो अब्जेक्सन लेटर' लिएर बेलायत पढ्न गएका छन् । यो सात महिनाको तथ्यांक हो । जबकि अघिल्लो एक वर्षमा २७ हजार ३५२ जनाले बेलायत पढ्नका लागि एनओसी लिएको देखिन्छ । २०७९ मा बेलायत पढ्नका लागि २१ हजार ७२४ जनाले एनओसी लिएको शिक्षा मन्त्रालयले जनायो । २०७८ मा भने बेलायत पढ्नका लागि सात हजार ९८२ जनाले एनओसी लिएका थिए ।

पढ्दै कमाउन पाउने र भिसा प्रक्रिया सहज भएकोले विद्यार्थीहरूको पछिल्लो रोजाई बेलायत हुन पुगेको कन्सल्टेन्सीका सञ्चालकहरू बताउँछन् । प्लस टु मा अंग्रेजी राम्रो भएकोलाई आइएलटिएस पढ्न नपर्ने भएकोले पनि बेलायतमा पढ्न जानेको ग्राफ बढेको उनीहरू बताउँछन् ।

### विभिन्न देशमा पढ्न जान एनओसी लिने विद्यार्थीको संख्या

| देश | आव २०७९/८० | आव २०८०/८१ | २०८१/८२ (माघ मसान्तसम्म) |
|---|---|---|---|
| बेलायत | २१,७२४ | २७,४४२ | २७,३५२ |
| जापान | २९,१५३ | ४८,४७४ | १५,६७५ |
| अस्ट्रेलिया | ६८,८३० | २९,७०५ | १०,९४१ |
| क्यानडा | ३६,९१४ | २६,६०५ | २,२३६ |
| अमेरिका | ६,५४२ | १६,१६६ | ८,०३८ |
| भारत | ५,११५ | ५,९१० | ४,३७३ |

*स्रोत: शिक्षा मन्त्रालय*

यही ग्राफ अस्ट्रेलियामा भने घट्दो छ । २०७८ मा अस्ट्रेलिया पढ्न जानेको संख्या करिब ९० हजार थियो । २०७९ मा ६८ हजार विद्यार्थी एनओसी लिएर त्यहाँ पुगेको देखिन्छ । अस्ट्रेलिया जानेको संख्या त्यसपछि लगातार ओरालो लागेको देखिन्छ । २०८० मा करिब ३० हजार विद्यार्थीमात्र त्यहाँ पढ्न गएको शिक्षा मन्त्रालयले जनायो । यसपटक सात महिनामा १० हजार ९४१ जनालेमात्र अस्ट्रेलिया पढ्न एनओसी लिएका छन् ।

नेपाली विद्यार्थीको रोजाइ लगातार घट्नुमा 'भिसा रिजेक्ट' हुने क्रम बढेको बताइन्छ । पढ्दै कमाउने योजनासहित धेरै अभिभावकले अस्ट्रेलिया पठाउने गरेकोमा यो क्रम घटेको हो । यसको प्रमुख समस्या कीर्ते कागजात भएको अस्ट्रेलिया पुगेकाहरू बताउँछन् । यहाँका विश्वविद्यालयले रिजल्ट खोज्ने तर नेपाली विद्यार्थी कीर्ते कागज बनाएर पढ्नको साटो कमाउनतिर लागेकोले गुणस्तरीय विद्यार्थीमा जोड दिन थालिएको बताइन्छ ।

यता अमेरिका जानेको संख्यामा भने केही उतारचढाव देखिन्छ । पछिल्लो सात महिनामा एनओसी लिएर पढ्न जानेको संख्या आठ हजार ३८ जना पुगेको शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले बताए । अघिल्लो वर्ष १६ हजार १६६ जना एनओसी लिएर अमेरिका पढ्न पुगेका थिए । अबका दिनमा अमेरिकामा पढ्न जान थप कडाइ हुने बताइन्छ । डोनाल्ड ट्रम्प दोस्रोपटक राष्ट्रपति भएसँगै कतिपय कार्यक्रमहरू धमाधम रद्द गर्न थालेका छन् । यसले छात्रवृत्ति कार्यक्रमहरूसमेत प्रभावित हुने देखिन्छ । यसले गर्दा अमेरिका पढ्न पठाउने योजना बनाएका कतिपय अभिभावक चिन्तामा रहेको देखिन्छन् ।

'अमेरिका पढ्न पठाउँ भनेको । कन्सल्टेन्सीहरूसमेत दोधारमा परेको देखियो । भिसा आवेदनको समयसमेत घटाइएको छ,' एक अभिभावकले भने ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# पाँचौं राष्ट्रिय रोजगार सम्मेलनको तयारी पूरा

## श्रममन्त्री भन्छन्- अब नेपालमै केही हुन्छ भन्ने सन्देश दिनुपर्छ

■ प्रभाव संवाददाता



**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले युवाहरू वैदेशिक रोजगारीमा जाँदा मुलुक रित्तियो भन्दै गीतमात्र गाएर हिँड्ने छुट अब कसैलाई पनि नहुने बताएका छन् । मन्त्रालयले आयोजना गर्न लागेको पाँचौं राष्ट्रिय रोजगार सम्मेलनबारे जानकारी दिन शुक्रबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री भण्डारीले यस्तो बताएका हुन् । वैदेशिक रोजगारीको विकल्प के ? भन्ने प्रश्नलाई सम्बोधन गर्न आउँदो रोजगार सम्मेलनले महत्त्वपूर्ण भूमिका खेल्ने उनको भनाइ छ ।


यही फागुन २६ र २७ गते 'उत्पादन र उत्पादकत्व विस्तार, आन्तरिक रोजगारीको दिगो आधार' भन्ने नाराका साथ पाँचौं राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन-२०८१ हुँदै छ । उक्त सम्मेलनको सम्पूर्ण तयारी पूरा भएको पत्रकार सम्मेलनमार्फत जानकारी गराइयो । कार्यक्रममा सञ्चारकर्मीको प्रश्नको जवाफ दिँदै मन्त्री भण्डारीले वैदेशिक रोजगारीको चाप बढिरहँदा श्रम शक्तिलाई स्वदेशमै राख्न रोजगारदाता र रोजगारकर्तालाई जोड्ने भूमिका सम्मेलनको हुने बताएका छन् । यो सम्मेलन पनि विगतका सम्मेलनहरूजस्तो कर्मकाण्डीमात्र हुने त होइन ? भन्ने आशंका उब्जिएको र त्यो स्वाभाविक भएको उनले बताए । सम्मेलनतर्फ सबैको ध्यान जानुलाई आफूले समारात्मकरूपमा लिएको उनको भनाइ थियो ।

'जहिले पनि केही हुँदैन भनेर मात्र बस्ने ? अबचाहिँ हुन्छ है भनेर काम गर्नुपर्छ,' मन्त्री भण्डारीले भने । त्यस्तै प्रविधिको प्रयोगमार्फत रोजगारकर्ता र दातालाई एकै ठाउँमा ल्याउन पनि काम गर्ने उनले बताए । फरक प्रसंगमा श्रममन्त्रीका वरिपरि दलालहरू घुम्छन् भन्ने प्रश्नको जवाफमा उनले प्रमाणसहित आउन चुनौती दिए । 'अनर्गल आरोपहरू लगाउनु अगाडि पर्याप्त अध्ययन गर्नुहोस्, अहिलेको समयमा प्रमाण पाउन कुनै गाह्रो छैन । प्रमाण लिएर आउनुहोस्, सजाय भोग्न तयार छु,' उनले भने ।

कार्यक्रममा श्रम मन्त्रालयका सहसचिव एवं प्रवक्ता डन्डुराज घिमिरेले नेपालको श्रम बजारमा रहेका ६७ प्रतिशत श्रमशक्तिलाई आन्तरिक श्रमबजारमा उचित प्रयोग गर्न नसकिएको अवस्था रहेको उल्लेख गरे । प्रत्येक महिना दुई हजारभन्दा बढी युवा वैदेशिक रोजगारीमा जाने गरेको तथ्यांक छ । आर्थिक वर्ष २०८०/८१ मा सात लाख १४ हजार २९७ जना नयाँ तथा पुनः श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् । वार्षिक १४ खर्बभन्दा बढी विप्रेषण नेपाल भित्रने गरेको राष्ट्र बैंकको तथ्यांक छ । तर आएको विप्रेषणलाई आन्तरिक उत्पादन र उत्पादकत्व अभिवृद्धिमा सदुपयोग गर्न नसकिएको मन्त्रालयले जनाएको छ । प्राप्त विप्रेषणले उपभोगमा अधिक ध्यान दिएकाले यसलाई कसरी मुलुकको रूपान्तरणमा प्रयोग गर्न सकिन्छ भन्नेमा अविलम्ब बहस गर्नुपर्ने मन्त्रालयको निष्कर्ष छ ।

नागरिकहरू स्वरोजगार र आन्तरिक रोजगारीभन्दा पनि वैदेशिक रोजगारमा आकर्षित हुँदा समग्र कृषि र उद्योगमा लगानी र उत्पादन न्यून हुनु चिन्ताजनक भएको मन्त्रालयको ठहर छ । वैदेशिक रोजगारीलाई आर्थिक समृद्धिको अल्पकालीन रणनीतिको रूपमामात्र लिन सकिने भएकाले आन्तरिक उत्पादन र उत्पादकत्व अभिवृद्धि नै आगामी कार्यदिशा हुनुपर्नेमा जोड दिइएको छ ।

क्रमशः पृष्ठ २ मा

# निजामती अस्पताललाई चीनले दियो दुई करोडको उपकरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** चीन सरकारले निजामती कर्मचारी अस्पताललाई 'लाइफ-लाइन एक्सप्रेस हङ्कङ फाउण्डेशन'मार्फत करिब दुई करोड रूपैयाँ मूल्य बराबरको आँखा उपचारसम्बन्धी अत्याधुनिक उपकरण हस्तान्तरण गरेको छ ।

मिनभवनस्थित अस्पताल परिसरमा शुक्रबार आयोजित कार्यक्रममा चीनको राष्ट्रिय स्वास्थ्य आयोगका पूर्वउपमन्त्री चुइ लीको नेतृत्वमा रहेको टोलीले ती उपकरण हस्तान्तरण गरेको हो । हस्तान्तरण गरिएका उपकरणमा आँखा परीक्षण गर्ने माइक्रोस्कोप, कम्प्युटर, स्क्यान मेसिन, क्यामरालगायत छन् ।

त्यसअवसरमा राष्ट्रिय सभाकी उपाध्यक्ष विमला घिमिरेले नेपाल र चीनबीच प्राचीनकालदेखि नै बहुआयामिक, मैत्रीपूर्ण र घनिष्ट सम्बन्ध रहेको बताइन् । चीनसँगको सम्बन्धलाई नेपालले उच्च महत्त्व दिएको बताउँदै उनले चीनले नेपालमा लगानी प्रवर्द्धनका साथै सडक पूर्वाधार, विद्युत् विकासलगायतका क्षेत्रमा महत्त्वपूर्ण सहयोग गर्दै आएकोमा धन्यावाद ज्ञापन गरिन् ।

सांघाई सहयोग संघसँग सम्बिन्धित छिमेक सहयोग नियोगनका उपाध्यक्ष एवं चीनका पूर्वउपमन्त्री चुइ लीले नदी र पहाडले जोडिएको नेपाल-चीनबीचको सम्बन्ध सरकारी तहमा मात्र नभई जनस्तरमासमेत न्यानो, मितवत् र बहुआयामिक रहेको बताए । उनले चीन सरकारले लिएको नीति तथा कार्यक्रमलाई सघाउने उद्देश्यसहित छिमेकी देशहरूको सम्बन्धलाई अझ सुदृढ र घनिष्ट बनाउन बनाउन सांघाई सहयोग संघ क्रियाशील रहेको स्पष्ट गरे ।

फाउण्डेसनका अध्यक्ष तामु यु चुङले चिनियाँ सरकारको सहयोगमा नेपालमा सञ्चालित निजामती अस्पतालको क्षमता विस्तार गर्न सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । निजामती कर्मचारी अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. विधाननिधि पौडेलले चीन सरकारको लाइफलाइन एक्सप्रेस संस्थामार्फत अस्पतालका आँखा विभागका लागि दुई करोड रूपैयाँ मूल्य बराबरको आँखा उपचारसँग सम्बन्धित उपकरण प्राप्त भएको जानकारी दिँदै आँखाका उपचारलाई प्राथमिकता दिई विशिष्टीकृत सेवा प्रदान गर्ने पक्षमा अस्पताल रहेको बताए ।

आँखा रोगसम्बन्धी रोगको उपचारका लागि पहिलो चरणमा उपकरण उपलब्ध हुने छ भने त्यसपछि चिकित्सकलाई तालिम र प्रशिक्षणको व्यवस्था चीनले गर्ने भएको छ । तालिमपश्चात् दुवै देशका चिकित्सकले शल्यक्रियासहितका उपचार सेवा प्रदान गरी बिरामीलाई सहयोग पुऱ्याउने सन्दर्भमा सम्झौता भएको कार्यकारी निर्देशक पौडेलले जानकारी दिए । सो सम्झौतापत्रमा कार्यकारी निर्देशक पौडेल र लाइफलाइन एक्सप्रेस हङ्कङ फाउन्डेशनका अध्यक्ष ताम यु चुङले हस्ताक्षर गरेका छन् ।

उक्त अस्पताल चीनको सहयोगमा १६ वर्षअघि निर्माण भई सञ्चालन छ । चीन सरकारले निजामती कर्मचारी अस्पताललाई एसियाकै स्वास्थ्य क्षेत्रमा उत्कृष्ट केन्द्रका रूपमा विकास गर्दै लैजाने योजना बनाएको छ । करिब ३०० शयचाको निजामती अस्पतालमा दैनिक सरदर एक हजारको संख्यामा बिरामीले स्वास्थ्योपचार सेवा लिइरहेका कार्यकारी निर्देशक पौडेलले जानकारी दिए ।

गुणस्तरीय स्वास्थ्य सेवाका कारण अस्पतालमा अहिले बिरामीको ठूलो चाप देखिन्छ । निजी क्षेत्रका अन्य अस्पतालका तुलनामा निजामती अस्पतालले कम शुल्कसहित गुणस्तरीय सेवा उपलब्ध गराइरहेको अस्पतालको दाबी छ । अस्पतालमा पुग्ने जोकोही बिरामीले सजिलै विशेषज्ञ चिकित्सकसँग परामर्श र परीक्षण गर्न पाउने भएकाले पनि अस्पतालमा बिरामीको चाप बढेको कार्यकारी निर्देशक पौडेलको भनाइ छ ।

वरिष्ठ नेत्र विशेषज्ञ डा. प्रज्ञा बस्नेतले अस्पतालको आँखा विभागका लागि अतिआवश्यक मानिएका आँखा परीक्षणसम्बन्धी अत्याधुनिक उपकरणहरू चीन सरकारबाट सहयोगस्वरूप प्राप्त भएपछि बिरामीले गुणस्तरीय उपचार सेवा प्राप्त गर्ने विश्वास व्यक्त गरिन् । अस्पतालका नेत्ररोग विशेषज्ञ डा. राजेश भूर्तेलले आँखाको माइक्रोस्कोप, आँखाको पर्दा, मधुमेह र प्रेसरको परीक्षण तथा राख्नुपर्ने लेन्स अनुमान गर्ने उपकरण प्राप्त भएको जानकारी दिए ।

पृष्ठ १ बाट क्रमशः

## हृवात्तै बढे...

यस्तै भए अरु देशका लागि प्रयास गर्नुको विकल्प नरहेको ती अभिभावकको भनाइ थियो । ट्रम्प प्रशासनको पछिल्लो कदमले अमेरिका पढ्न पठाउने योजनामा रहेका विद्यार्थीहरूसमेत अन्योलमा परेका छन् ।

जापानमा पनि एनओसी लिएर पढ्न जाने विद्यार्थीको संख्या यसपटक घटेको देखिन्छ । यो अवधिमा जापानमा १५ हजार ६७५ जनामात्र गएको मन्त्रालयले जनायो । जबकि गत वर्ष ४८ हजार ४७४ जना एनओसी लिएर जापान पढ्न गएका थिए ।

क्यानडा पढ्न जानेको संख्या पनि ओरालो लागेको देखिन्छ । गत वर्ष २६ हजार ६०५ जना एनओसी लिएर पढ्न गएकोमा पछिल्लो सात महिनामा दुई हजार २३६ जनामात्र क्यानडा गएको देखिन्छ । गत वर्षमात्र क्यानडाले अन्तर्राष्ट्रिय विद्यार्थी भर्नामा कडाइ गरेको थियो । क्यानडाले ३५ प्रतिशत विद्यार्थी भर्ना कटौती गरेसँगै नेपाली विद्यार्थीहरूको त्यहाँ पुग्ने संख्यामा कमी आएको हो । त्यसैगरी पढ्दै कमाउने नेपालीको चाहनामा क्यानडाको पछिल्लो नीतिले 'ब्रेक' लागेको थियो । 'सेप्टेम्बर १, २०२४ देखि, पाठ्यक्रम इजाजतपत्र प्रबन्धअन्तर्गत अध्ययन सुरु गर्न चाहने अन्तर्राष्ट्रिय विद्यार्थीहरू स्नातक तहको अध्ययन सकेपछि स्नातकोत्तर वर्क पर्मिटका लागि योग्य हुने छैनन्,' क्यानडा सरकारले त्यतिबेला जारी गरेको नीतिमा उल्लेख गरिएको थियो ।

■ ■ ■

## पाँचौं राष्ट्रिय...

साथै, वैदेशिक रोजगारीमा देखापरेका अमर्यादित क्रियाकलाप, श्रमिकको आप्रवासनको लागत बढ्नु, गैरकानुनी कार्य बढ्नुलगायत वैदेशिक रोजगारीमा जाने नेपालीहरू विभिन्न समस्यामा पर्दै आएकाले यसका लागि नीतिगत सुधारहरू गर्ने श्रममन्त्री भण्डारीले बताएका छन् । विशेषगरी वैदेशिक रोजगार ऐनको परिमार्जन, राष्ट्रिय व्यावसायिक सीप विकास प्रतिष्ठानको परिमार्जन र सामाजिक सुरक्षा कोष तथा वैदेशिक रोजगार बोर्डको सुधारका लागि मन्त्रालयले गठन गरेको कार्यदलको प्रतिवेदनउपर समेत सम्मेलनबाट प्राप्त सुझावलाई आगामी आन्तरिक रोजगार प्रवर्द्धनको १० वर्षे रणनीतिक योजनामा समावेश गरिने मन्त्री भण्डारीले बताए ।

पत्रकार सम्मेलनमार्फत दुई दिने रोजगार सम्मेलनको कार्ययोजनासमेत सार्वजनिक गरिएको छ । सम्मेलनमा श्रमिक, रोजगारदाता,अनुसन्धानकर्तालगायत यस क्षेत्रमा क्रियाशील व्यक्ति तथा संस्थाहरूबाट सरकारलाई विभिन्न विषयहरूमा प्राप्त हुने सुझावलाई मन्त्रालयले अवलम्बन गर्ने जनाएको छ । रोजगारी र उत्पादनशीलता अभिवृद्धिसँग सम्बन्धित तीनै तहका सरकार, निजी क्षेत्र, ट्रेड युनियन, श्रम तथा रोजगार विषयसँग सम्बन्धित व्यवसायी र अनुसन्धानकर्ता र विज्ञ, विकास साझेदार, गैरसरकारी क्षेत्र तथा युवा गरी सम्मेलनमा करिब ५०० जनाको सहभागिता रहने मन्त्रालयले जनाएको छ ।

सम्मेलनस्थलमा मन्त्रालय, निजी क्षेत्र तथा अन्य विकास साझेदारहरूको स्टलमार्फत समेत श्रम तथा रोजगार सम्मेलनसम्बन्धी सूचना तथा जानकारी दिने तयारी छ । सम्मेलनलाई वैदेशिक रोजगार बोर्ड, सामाजिक सुरक्षा कोष, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, नेपाल नगरपालिका संघ, नेपाल उद्योग वाणिज्य महासंघलगायत ३७ वटा संस्थाले सहयोग गर्ने छन् ।

■ ■ ■

## "वाकिटकी"को...

निश्चित फ्रिक्वेन्सीलाई वाकिटकीको प्रयोजनका लागि निःशुल्क उपलब्ध गराउने हो भने समस्या हुँदैन,' उनले भने, 'अहिले एउटै फ्रिक्वेन्सी सुरक्षा निकायलगायत सबैले प्रयोग गर्नुपर्दा समस्या भएको हो, फ्रिक्वेन्सी छुट्याउँदा यस्तो हुँदैन ।'

वाकिटकी रेडियो फ्रिक्वेन्सी प्रयोग भई सञ्चालन हुने भएकाले रेडियो यन्त्रहरूको आयात, बिक्री-वितरण, आफूसँग राख्न तथा प्रयोग गर्नका लागि रेडियो ऐन, २०१४ तथ्था रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम लाइसेन्स लिनुपर्छ । हाल सुरुमा दुई हजार रूपैयाँ बुझाएर वाकिटकी प्रयोग गर्न पाइन्छ भने प्रत्येक वर्ष नवीकरणका लागि एक हजार रूपैयाँ बुझाउनुपर्छ ।

'वाकिटकी प्रयोगका लागि जिल्ला प्रशासन अधिकारी (सिडिओ)मार्फत सिफारिस लिनुपर्ने अवस्था छ तर उनहरूले पनि यसलाई जिल्ला सुरक्षा समितिमा छलफल गर्नुपर्ने विषय बनाएपछि कतिपय अत्यावश्यक ठाउँमा सहजै वाकिटकीको प्रयोग गर्न नपाइने अवस्था छ,' व्यवसायी ढकालले भने ।

वाकिटकीको प्रयोग मोबाइल तथा अन्य सञ्चार साधनको तुलनामा निकै सहज हुन्छ । यो छिटो र प्रभावकारी पनि हुन्छ । मोबाइलको 'कभरेज' राम्रो नभएको स्थानमा सञ्चार सम्पर्कका लागि वाकिटकीको विकल्प छैन । 'त्यतिमात्रै होइन, कुनै पनि कार्यक्रम गर्नका लागि, सेक्युरिटी कम्पनी, होटल तथा रेस्टुरेन्टमा पनि यो अत्यावश्यक भइसकेको छ । सरकारले यसको प्रयोगसम्बन्धी कार्यविधिमा सहजीकरण गर्ने हो भने यसबाट धेरैले लाभ लिन सक्छन्,' जानकारहरूले भन्ने गरेका छन् । अझ विपद्को समयमा सञ्चारका लागि वाकिटकी सबैभन्दा प्रभावकारी साधन बनेको विभिन्न घटनाक्रमले पुष्टि गरेको ढकालको भनाइ छ । पर्वतारोहणमा महत्त्वपूर्ण मानिने भए पनि ट्राभल एजेन्सीले सहजै अनुमति नपाउने अवस्था छ । यद्यपि विदेशी पर्वतारोहीका हकमा भने अस्थायी अनुमति दिने गरिएको छ ।

सूचना विभागका निर्देशक डा. नेपाल पनि विदेशी नागरिकलाई निश्चित शुल्क तिरेर आवश्यक प्रयोजनका लागि वाकिटकीको प्रयोग गर्न दिने गरिएको बताउँछन् । उनका अनुसार वाकिटकी खरिदबिक्री वा प्रयोग दुवैका लागि अनुमति लिनुपर्छ तर पछिल्लो समय नेपालमा अनुमतिविना लुकाइछिपाइ ल्याएका वाकिटकीको प्रयोग पनि बढेको छ । रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ मा विदेशी नागरिकलाई कुनै पनि रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी लाइसेन्स दिँदा उल्लिखित दस्तुरको चार दोब्बर परिवर्त्य विदेशी मुद्रा लाग्ने उल्लेख छ । साथै विदेशी नागरिक वा संस्थाले अस्थायी रूपमा पर्वतारोहण, पैदलयात्रा, चलचित्र छायांकन आदि कार्यमा रेडियो यन्त्र प्रयोग गर्ने भएमा उल्लिखित दस्तुरको आधामात्रै लाग्ने उल्लेख छ ।

### अवैध रूपमा प्रयोग गर्नेको बिगबिगी

गत वर्ष असोजमा सप्तरीको छिन्नमस्ता गाउँपालिकाको मोहनपुरबाट करिब आठ लाख रूपैयाँ बराबरको वाकिटकी प्रहरीले बरामद गरेको थियो।तत्कालीन समयमा भारतबाट अवैधरूपमा ल्याउँदै गरेका१००वटा पोर्टेबल हयान्ड सेट सशस्त्र प्रहरी बल नेपाल बिओपी छिन्नमस्ताले बरामद गरेकोथियो।त्यतिमात्रैहोइन, अनुमतिविना 'अनलाइन'मार्फत बिक्री गर्नेहरूको संख्या पनि उल्लेख्य छ ।

डिकेड इन्टरनेसनलका सञ्चालक ढकाल अनुमति नलिई वाकिटकी प्रयोग गर्ने, अनलाइनमार्फत बिक्रीका लागि विज्ञापन गर्नेहरूका कारण आफूहरूलाई समस्या भएको बताउँछन् । 'प्रहरीले अवैध वाकिटकीलाई नियन्त्रणमा लिएका समाचार हामीले सुनिरहेका हुन्छौं । अवैधरूपमा प्रयोग बढ्दा कानुनीरूपमा अनुमति लिएर प्रयोग गर्ने हामी जस्ताका लागि समस्या भएको छ,' उनले भने । हाल विभिन्न कम्पनीहरूले अनलाइनमार्फत पनि विज्ञापन गरी वाकिटकी बिक्री गरिरहेको पाइन्छ । *रासस*


## काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम सूचना प्रकाशन मितिः २०८१/११/२४**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ मा संकलन भएको साल,असना जातको गोलिया १६४६.११ क्यू.फि. काठ र साल दाउरा ६ चट्टा लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री लैधापानी तिनपोखरी सा.व.उ.स., रैनादेवी छहरा-७ , पाल्पा ।**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/१२/०३ मा दर्ता भएको **प्रा.लि. नं. १११४१२** को **रक विथ अस इन्टरटेनमेण्ट प्रा.लि.** को मिति २०८१/११/२३ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९८५११६३७२३, ईमेल :** rokayasherbahadur723@gmail.com



## साउदीमा रोजगार

कम्पनी : Ziyad Omar Al-Khudair Trading Company

पूर्व स्वीकृति मिति : २०८१/११/२३ | LT. No. 319965 | चलानी नं.६०२३४१२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker Load And Unload | 4 | 0 | 1200 | ४४,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Shine and Shine Establishment for Decoration and Polishing

पूर्व स्वीकृति मिति : २०८१/११/२० | LT. No. 319784 | चलानी नं.६०२३४१२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaners | 2 | 0 | 1100 | ४०,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र २ गते (15 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा रोजगार

कम्पनी : Laundries MASAR WATQAN For Cars services

पूर्व स्वीकृति मिति : २०८१/११/११ | LT. No. 319268 | चलानी नं. ६०२३३४६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Wash Labour | 1 | 0 | 1000 | ३७,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र २ गते (15 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.**
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075

## युएइमा रोजगार

कम्पनी : AL SHASHA AL SAGHEER TECH CONT

पूर्व स्वीकृति मिति : २०८१/०२/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/२३ | LT. No. 305604 | चलानी नं. ६०२२०४७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 8 | 0 | 1200 | ४५,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 10 | 0 | 1200 | ४५,५४५ | | | | | | | |
| 3 | Construction Carpenter | 10 | 0 | 1200 | ४५,५४५ | | | | | | | |
| 4 | Tile Layer | 7 | 0 | 1200 | ४५,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र २ गते (15 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**E.U.Bright Future Pvt. Ltd. (PRESTIGE H.R. SOLUTION PVT.LTD.)**
श्रम इजाजत नं. ११७३/०७३/०७४
Tokha Municipality-10, Kathmandu, Nepal, Tel: 01-4975111, Email: eubrightfuture626@gmail.com

## युएइमा रोजगार

कम्पनी : XL CATERING AND HOSPITALITY SERVICES - SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८१/११/२३ | LT. No. 320068 | चलानी नं. ६०२३४१५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chapati Maker | 5 | 0 | 1200 | ४५,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | fruit & vegetable cutter | 10 | 0 | 900 | ३४,१५७ | | | | | | | |
| 3 | Kitchen Helper | 10 | 0 | 900 | ३४,१५७ | | | | | | | |
| 4 | MALE CLEANER(BASIC) | 25 | 0 | 800 | ३०,३६२ | | | | | | | |
| 5 | Waiter | 20 | 0 | 1200 | ४५,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र २ गते (15 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**
Frontline Recruitment
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## युएइमा रोजगार

कम्पनी : BASATIN LANDSCAPING LLC

पूर्व स्वीकृति मिति : २०८१/११/२३ | LT. No. 320069 | चलानी नं.६०२३४१५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 100 | 0 | 1200 | ४५,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 100 | 0 | 1200 | ४५,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र २ गते (15 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Dynamic Manpower Solution Pvt. Ltd**
श्रम इजाजत नं.१५९४/०७९/८०
Sinamangal-9, Kathmandu, Nepal. , E-mail: globaldynamics1594@gmail.com

## साउदीमा रोजगार

कम्पनी : Technical Support Industrial Service Company

पूर्व स्वीकृति मिति : २०८१/११/२३ | LT. No. 320026 | चलानी नं. ६०२३४१३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Installation Helper | 5 | 0 | 1500 | ५५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६६,८८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र २ गते (15 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**D.G. OVERSEAS PVT LTD**
MR Complex 3rd Floor, Ratopool-07, Kathmandu, Tel : +977-1-4534062, 4534063
E-mail : info@dgoverseasnepal.com, dgoverseaspvtltd@gmail.com, Web: www.dgoverseasnepal.com
श्रम ईजाजत नं. १७१९

## कुवेतमा रोजगार

कम्पनी : Mara Villoso Ladies Beauty Salon Company

पूर्व स्वीकृति मिति : २०८१/११/२३ | LT. No. 319947 | चलानी नं. ६०२३४११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure & Pedicure Beautician | 0 | 5 | 150 | ६७,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र २ गते (15 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ASLIYA MANPOWER SUPPLY PVT. LTD.**
श्रम ईजाजत नं. १६६९/०८०/०८१
Kathmandu Metropolitan City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456



## मेचीनगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**ईटाभट्टा, झापा**

**कोशी प्रदेश, नेपाल**

## बोलपत्र आवहानको सूचना

**प्रथम पटक प्रकाशित मिति :२०८१/११/२३**

मेचीनगर नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमको लागि प्रथम पटकको लागि मिति २०८१/११/२३ गते https://www.bolpatra.gov.np/egp मा ई बिड मार्फत सूचना आवहान भएको हुँदा आवस्यक कागजपत्रहरु संलग्न राखी बोलपत्रको हकमा रू. ३००० (तिन हजार मात्र) पछि फिर्ता नहुने गरि श्री नेपाल बैंक लिमिटेड काकरभिट्टा शाखामा रहेको यस कार्यालयको नाममा रहेको अन्तरिक राजस्व खाता न १०६०३०००००१००१०००००१ मा नगद जम्मा गरि ई-बिड को माध्यमबाट मात्र बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ थप सूचना https://www.bolpatra.gov.np/egp बाट हेर्न सकिनेछ ।

**तपसिल :**

| क्र.सं. | बोलपत्र प्रकाशित मिति | बोलपत्र पेश गर्ने अन्तिम मिति | ठेक्का नं. | योजनाको नाम | लागत अनुमान (मु.अ.कर बाहेक) | खरीदको किसिम | बिड सेक्युरिटि रु. |
|---|---|---|---|---|---|---|---|
| १. | २०८१/११/२३ | २०८१/१२/२४ | 62/Motorcycle/Goods/NCB/Mechi/2081/082 | Procurement for supply of motorcycle atMechinagar Municipality,Jhapa | २५,२०,३५४.०० | Goods NCB | ७०,०००.०० |
| २. | २०८१/११/२३ | २०८१/१२/२४ | 63/Ambulance/Goods/NCB/Mechi/2081/082 | Procurement for supply of Ambulance atMechinagar Municipality,Jhapa | २०,०८,२००.०० | Goods NCB | ५०,०००.०० |

**मेचीनगर नगरपालिका**



**वसन्तपुरमा ठड्याइएको चीर** | रङहरूको पर्व भनेर चिनिने फागुपूर्णिमा (होली)का अवसरमा शुक्रबार काठमाडौंको वसन्तपुरस्थित हनुमानढोका दरबार क्षेत्रमा ठड्याइएको चीर अवलोकन गर्दै आन्तरिक तथा बाह्य पर्यटक । *तस्विरः हरिराम भेटुवाल/रासस*

# भीमसेनको लिंग प्रदर्शनसँगै सुरू भयो भक्तपुरमा होली

**भादगाउँ–** भक्तपुरको तचपालस्थित दत्तात्रय मन्दिर अगाडि भीमसेनको लिंग प्रदर्शन गरिएको छ । तीन हात लामो, ३० इञ्च गोलाइको काठको लिंग प्रदर्शनसँगै भीमसेन गुठीका गायजुहरूले 'भीमसेन देया लज्ज खङ लो वानला, बिस्यूवाने स्वायक सो झायला' अर्थात् 'भीमसेनको लिंगले देखेर लोभियो कि, भाग्नु नपर्ने गरी हेर्न आउनुभयो कि' बोलको यौनरस युक्त गीतसमेत गाउने गर्दछ ।

फागु पर्वको सुरुआत भएको जनाउन काठमाडौंको वसन्तपुरमा चीर स्वायगु (चीर गाडे) सँगै भक्तपुरको तचपालस्थित दत्तात्रय मन्दिर अगाडिको भीमसेन मन्दिरको पाटीमा फागुन शुक्ल अष्टमीदेखि लिंग प्रदर्शनमा राखिएको हो । लिंगसँगै यौन समागमनको दृश्य झल्कने गरी रातो कपडाको बीचमा प्वाल पारी काठको लिंग प्रवेश गराइएको छ । झुन्ड्याएको लिंग हल्लाउँदा योनी आकारको कपडाको प्वालभित्र छिर्ने गर्दछ भने यस दृश्यलाई भीमसेन र द्रौपदीको यौन समागमका रूपमा लिइन्छ ।

चीर स्वायगु भनेर काठमाडौंको हनुमानढोकास्थित वसन्तपुरमा रंगीविरंगी कपडाहरूको ध्वजासहित तीन खण्डे चीर ठडयाइएर फागु पर्व सुरु भएको जनाउ दिने गर्दछ भने भक्तपुरमा भने तचपालमा काठको लिंग प्रदर्शनमा राखेर चीर स्वायगु गरिन्छ । भक्तपुरवासीले सो काठको लिंगलाई भीमसेनको लिंग र रातो कपडालाई द्रौपदीको योनीका रूपमा लिन्छन् । मन्दिरभित्र रहने सो लिंगलाई फागु पर्वका अवसरमा वर्षको सात दिन प्रदर्शन गर्ने प्रचलन रहेको संस्कृतिकर्मी हरिशरण राजोपाध्यायले जानकारी दिए ।

'पहिला-पहिला लिंगको प्रतीक एउटा काठको मुढामात्र राख्ने परम्परा थियो । पछि यो खुल्लारूपमा यसरी प्रदर्शनमा ल्याएको हो,' संस्कृतीकर्मी राजोपाध्यायले भने । वसन्त ऋतुको आगमनसँगै फागु पर्वलाई सृष्टिलाई अभिप्रेरित गर्ने पर्वका रूपमा मनाइन्छ । यो समय कामदेव आफैं सक्रिय हुने भएकाले सृष्टिका लागि मानव जीवनमा यो अति उपयुक्त समय हो भन्ने मुख्य सन्देश यसले दिएको उनको भनाइ रहेको छ ।

चीर स्वायगु अर्थात् चीर गाड्ने कार्यलाई शिवशक्ति मिलनका रूपमा लिनुपर्ने राजोपाध्याय बताउँछन् । 'महादेवको ११औं अवतारमध्ये भीमसेन पनि एउटा रूप हो । त्यस मानेमा यो प्रदर्शनमा राख्नुलाई महादेव र पार्वतीको प्रतीकका रूपमा पनि लिन सकिन्छ,' उनले भने, 'काठमाडौंमा विभिन्न रंगीन कपडाहरूसहित चीर ठडयाउँछ जुन यसैसँग मिल्छ र गोप्य छ तर भक्तपुरमा भने खुल्ला रूपले प्रदर्शन गरिन्छ ।'

लिंगलाई प्रदर्शनमा राखिनुअघि दुई जनाले काँधमा बोकेर इनाचो, बाचुटोल, जैंला, जगाती, ब्रह्मायणी, च्यामासिंह हुँदै, तचपालस्थित दत्तात्रय मन्दिर वरिपरि रहेको घर र पसलहरूमा परिक्रमा गर्ने परम्परा छ । घर र पसलमा घुमाउन ल्याएको लिंगको पूजाआजा गरी दर्शन गर्नाले व्यापार-व्यवसायमा उन्नति प्रगति हुने जनविश्वास छ । त्यसैले पाटीमा प्रदर्शनमा राखिएको लिंगको दर्शनका लागि फागु पूर्णिमासम्म भक्तजनको घुइँचोसमेत लाग्ने गर्दछ ।

फागुपूर्णिमाको दिन साँझपख सो लिंगलाई एक व्यक्तिले बोकेर ब्रह्मायणी मन्दिरस्थित खोलामा लगेर पखाल्ने र पुनः मन्दिरमा राखेपछि यस वर्षको फागु पर्व सम्पन्न हुने परम्परा छ । यसरी लिंग बोकेर जाने व्यक्तिलाई पुत्रलाभ हुन्छ भन्ने जनश्रुति रहेको पाइन्छ ।

लिंग प्रदर्शन गर्ने प्रचलन कहिलेदेखि सुरु भएको हो भन्ने यकीन तथ्य फेला परेको पाइएको छैन । यद्यपि भीमसेन मन्दिर राजा जगतप्रकाश मल्लले १७औं शताब्दीमा निर्माण गरेको इतिहास पाइएकाले यो प्रचलन पनि सोही समयदेखि प्रचलनमा आएको अनुमान गरिएको छ । *रासस*

# मुक्तिनाथमा सशुल्क घोडा र स्ट्रेचर सुविधाले दर्शनार्थीलाई सुविधा



■ **सुन्दरकुमार थकाली**

**मुस्ताङ–** मुक्तिनाथमा घोडचढी र स्ट्रेचर सुविधाले मुक्तिनाथ दर्शन गर्ने श्रद्धालु भक्तजनलाई ठूलो सुविधा मिलेको छ । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ अन्तर्गत चारवटा गाउँका स्थानीय युवाले मुक्तिनाथ जाने दर्शनार्थीका लागि घोडचढी र स्ट्रेचरमा बोकेर मुक्तिनाथ मन्दिरसम्म पुऱ्याउन सेवा दिइरहेका छन् ।

मुस्ताङको मुक्तिनाथ मन्दिरसम्म पुग्न पुराङ रानीपौवाको बसपार्कबाट करिब ४५ मिनेटको समय खर्चिनुपर्ने हुन्छ । बसपार्कबाट मुक्तिनाथसम्म पैदल जान शारीरिकरूपले तन्दुरूस्त हुने दर्शनार्थीका लागि कुनै समस्या पर्दैन । तर, बसपार्कबाट मुक्तिनाथ मन्दिरको मुख्य प्रवेशद्वारसम्म पुग्न ज्येष्ठ नागरिक, अशक्त र अपांगता भएका दर्शनार्थीका लागि भने निकै समस्या र चुनौती छ । मुक्तिनाथको पहिले गेटबाट मन्दिर प्रवेशद्वारसम्म रेलिङसहितको ठाडो उकालो पैदल हिँड्नुपर्ने हुन्छ ।

बसपार्कबाट पहिलो गेटसम्म समथर बाटो छ । बसपार्कबाट रानीपौवा बजार हुँदै मन्दिर जाने बाटोमा मोटरसाइकल र कुनै पनि सवारीसाधन लैजान पाइँदैन । यो त्यहाँको गाउँ समाजले बनाएको नियम हो । गाउँभित्रको पर्यटनमा असर नपुगोस् भन्ने हेतुले बसपार्कबाट माथि कुनै पनि सवारीसाधन लैजान निषेध नै गरिएको छ । यसैका कारण मुक्तिनाथका दर्शन गर्ने धोको बोकेर आइपुगेका दर्शनार्थी पैदल हिँड्न नसक्ने अवस्था भएमा घोडा वा स्ट्रेचरमा चढेर मुक्तिनाथ पुग्नुपर्ने बाध्यता हुन्छ ।

वारागुङ मुक्तिक्षेत्र-१ अन्तर्गत खिंगा, झारकोट, मुक्तिनाथ रानीपौवा र छेंगुर गाउँका युवाले घोडामा चढाएर लैजान वैकल्पिक व्यवसाय चलाएका छन् । त्यहाँको चारवटा गाउँका युवाले मात्रै सशुल्क घोडा चढाएर दर्शनार्थीलाई मुक्तिनाथ पुऱ्याउने सेवा दिएका छन् । वारागुङ मुक्तिक्षेत्रका यी चारवटा गाउँबाहेक अन्यत्रका युवाले त्यहाँ गएर दर्शनार्थीलाई घोडामा चढाएर मुक्तिनाथ लैजाने काम गर्न पाउँदैनन् । यात्रीलाई घोडामा चढाएर मुक्तिनाथ ओसारपोसार गर्न समितिसमेत गठन गरिएको छ । घोडा समितिमार्फत घोडामा दर्शनार्थी लाने लैजाने सेवालाई व्यवस्थित गरिएको छ । यसरी रानीपौवा बसपार्कबाट मुक्तिनाथ प्रवेशद्वारसम्म दर्शनार्थी ओसारपोसार गरेबापत नेपाली आन्तरिक दर्शनार्थीलाई ४०० रूपैयाँ र भारतीय दर्शनार्थीलाई भारू ४०० शुल्क निर्धारण गरिएको छ ।

मुक्तिनाथ रानीपौवाका स्थानीय युवा उर्गेन पाल्देन गुरूङले घोडा चढाउने व्यवसायले स्थानीय युवालाई वैकल्पिक आयआर्जनको माध्यम बनेको बताए । देशमा युवा जनशक्ति पलायन भइरहेको अवस्थामा यहाँका युवाालाई गाउँमा रोक्न घोडा चढाएर मुक्तिनाथ लाने लैजान व्यवसायले निकै ठूलो योगदान दिएको उनी बताउँछन् । गाउँमा विकाससँगै पर्यटनको सम्भावना बढिरहेको अवस्थामा पनि युवहरू वैदेशिक रोजागारमा जाने अवस्था रहेकाले यस प्रकारको घोडा चढाउने व्यवसायले यहाँका युवापंक्तिलाई यहीँ आर्यआर्जन गर्न सक्ने गतिलो माध्यम बनेको उनले बताए ।

वारागुङ मुक्तिक्षेत्र-१ को चारवटा गाउँमा १२० घरपरिवारले मुक्तिनाथमा दर्शनार्थीलाई घोडा चढाएर जीविकोपार्जन गर्दै आइरहेका छन् । समितिअन्तर्गत सञ्चालन भएको दर्शनार्थीलाई घोडा चढाउने व्यवसायमा सबै गाउँका एकसाथ आएर पनि आलोपालो गरी दर्शनार्थी ओसारपोसार गर्न पाउँछन् । घोडाबाट दर्शनार्थी ओसारपोसार गर्न बिहानै ७ बजेभित्र घोडावाला धनीले नाम टिपाउनुपर्छ । नाम टिपाएपछि रोलक्रमअनुसार आलोपालो घोडा चढाएर मुक्तिनाथ लैजान पाउँछन् । यसरी दिनभरि घोडा चढाएरको पैसा हिसाब गरेर बाँड्छन् ।

मुक्तिनाथमा घोडाधनीले आफैंले र घोडा भएर पनि कर्मचारी राख्न चाहनेले त्यहाँ अस्थायी बसोबास गरेका व्यक्तिलाई घोडाबाट दर्शनार्थी ओसारपोसार गर्न खटाउन पाइन्छ । यसरी गैरव्यक्तिले घोडाधनीको घोडा प्रयोग गरेबापत उठेको आधा ज्याला पाउँछन् । मुस्ताङमा सडक यातायातको सुविधा नहुँदा बेँसीबाट मालसामान ढुवानी गर्न र व्यक्तिगत प्रयोजनका लागि अधिकांशले घोडा पाल्ने गर्थे । पछिल्लो समय मुस्ताङमा यातायातको पहुँच जोडिएपछि पालन गरिएका घोडा विस्थापित हुन थाले । सडकमार्फत सहजै मालसामान ढुवानी गर्न सकिने अवस्था आएपछि मुस्ताङका घोडा लोप हुँदै गए । तर, मुस्ताङमा पालिएका घोडा संस्कृतिसँग पनि जोडिएका छन् ।

उपल्लो मुस्ताङ र बाह्रगाउँ क्षेत्रका गुरूङ र विष्ट समुदायले महत्त्वपूर्ण चाडपर्वमा घोडाको संस्कृतिसँग जोडेर पर्व मनाउँछन् । तल्लो मुस्ताङका आंशिक थकाली समुदायले पनि विशेष पर्वमा घोडालाई संस्कृतिको रूपमा प्रयोग गर्ने गरेका छन् । वारागुङ-१ खिंगाका स्थानीय युवा सञ्जय गुरूङले मुस्ताङका लागि घोडा सांस्कृतिक धरोहर भएको उल्लेख गरे । उनका अनुसार यार्तुङ, धज्याङ, ल्होसार, तिजीलगायत पर्वमा सांस्कृतिक वेशभूषा पहिरिएर घोडामा चढेर पर्व मनाउने प्रचलन छ । मुक्तिनाथ क्षेत्रमा दर्शनार्थीलाई घोडा चढाएर लैजाने व्यवसाय गर्न नपाउने हो भने बाह्र गाउँका घोडासमेत विस्थापित हुने स्थानीय युवा गुरूङको भनाइ छ ।

यसैगरी मुक्तिनाथमा युवाहरूले घोडा चढ्न नसक्ने अवस्थाका दर्शनार्थीलाई स्ट्रेचरमा बोकेर मुक्तिनाथ लाने लैजाने गर्छन् । मुक्तिनाथ बसपार्कबाट मुक्तिनाथ मन्दिर लाने लैजाने गरेबापत उनीहरूले नेपाली दर्शनार्थीलाई चार हजार रूपैयाँ र भारतीय दर्शनार्थीलाई भारू चार हजार लिने गर्छन् । यसरी मुक्तिनाथमा स्ट्रेचर बोकेर लैजान चार जना युवाको आवश्यकता पर्छ । मुक्तिनाथमा स्थानीय युवाहरूले सञ्चालन गरेको स्ट्रेचरमा राखेर मुक्तिनाथ लानेलैजाने व्यवसायले ज्येष्ठ नागरिक, अशक्त र अपांगता भएका दर्शनार्थीलाई निकै ठूलो सहयोग मिलेको छ । सशुल्क सेवा भए पनि मुक्तिनाथ दर्शन गर्न जाने यस प्रकारको व्यवसायले मुक्तिनाथ दर्शन गर्न लाखौं खर्चिएर आउने दर्शनार्थी भक्तजनका लागि निकै ठूलो सेवा सहयोगको माध्यम बनेको छ । *रासस*

# पाँचधारेमा स्तूपा निर्माण

**भोजपुर–** भोजपुरको टेम्केमैयुङ-९ पाँचधारेमा स्तूपा निर्माण गरिएको छ । पर्यटकीय क्षेत्रको विकास तथा प्रवर्द्धन गर्ने लक्ष्यले यहाँ स्तूपा निर्माण गरिएको हो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त २७ लाख रूपैयाँमा बौद्धस्तूपा निर्माण भइरहेको टेम्केमैयुङ-९ लेखर्कका वडाध्यक्ष नभराज माङपाहाङले जानकारी दिए । काठमाडौंमा रहेको बौद्धस्तूपाको जस्तै आकारमा निर्माण हुने यो स्तूपा खोलुखुम्बुबाट दक्ष कालीगढ ल्याएर निर्माणको काम भइरहेको उनको भनाइ छ ।

पर्यटकीय क्षेत्रको विकाससँगै धार्मिक सहिष्णुता कायम गर्न बौद्ध धर्म मान्ने समुदायलाई लक्षित गरेर स्तूपा निर्माण भइरहेको अध्यक्ष माङपाहाङले बताए । 'धार्मिकसँगै पर्यटकीय क्षेत्रको विकासका लागि स्तूपा निर्माण गरिरहेका छौं,' उनले भने, 'पाँचधारे पर्यटकीय हिसाबले प्रचुर सम्भवना बोकेको स्थान हो । यसले यहाँको पर्यटनको विकासमा टेवा पुग्छ भन्ने हाम्रो लक्ष्य हो ।' यहाँ स्तूपा निर्माणपश्चात् पदमार्ग निर्माण, घेरबारासँगै वृक्षरोपण गरिने उनले जानकारी दिए ।

पाँचधारेमा 'पाँच धाम' निर्माण गर्ने लक्ष्यका साथ काम गरिरहेको अध्यक्ष माङपाहाङले बताए । सबै समुदायको अपनत्व हुनेगरी यहाँका संरचना निर्माण भइरहेका छन् । किरात समुदायलाई लक्षित गरेर पाँचधारेमा नै करिब ८० लाख रूपैयाँ लागतमा किरात सांस्कृतिक भवन निर्माण भइरहेको छ ।

अब हिन्दू समुदायलाई लक्षित गरेर पशुपति मन्दिर निर्माण गर्ने लक्ष्य रहेको अध्यक्ष राईले बताए । 'यहाँ बसोबास गर्ने सबै समुदायलाई समेटेर संरचना निर्माण गरिहेका छौं,' उनले भने, 'किरात, बौद्ध धर्मावलम्बीलाई लक्षित गरेर संरचना निर्माण भइरहेका छन् । धार्मिक पर्यटनको विकासका लागि पाँचधारेमा पाँच धाम निर्माण गर्ने योजना छ ।'

स्थानीय सौगात राईले पाँचधारे पोखरी तथा किरातेश्वर ढुंगे बगैंचाको संरक्षणसँगै पदमार्ग निर्माण भएपछि आन्तरिक पर्यटकको आवगमन बढेको बताए । टेम्केमैयुङ गाउँपालिकाभित्र रहेका पर्यटकीय क्षेत्रको योजनाबद्ध विकासमा जोड दिइएको गाउँपालिकाकी उपाध्यक्ष रमादेवी राईले बताइन् । गाउँपालिकाले कृषि र पर्यटनलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ । *रासस*


**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८१।११।२४**

यस पशुपति सामुदायिक वन उपभोक्ता समूह मनहरी, ७ मकवानपुरले आ.व. २०८१।८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रूखहरु वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ. समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान २४७ को २२०९.०९ क्यू.फि. काठ तथा दाउरा साल समेतको ८.०० चट्टा बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री पशुपति सामुदायिक वन उपभोक्ता समूह मनहरी ७ मकवानपुर**

**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८१।११।२४**

यस मनकामना सामुदायिक वन उपभोक्ता समूह मनहरी, ६ मकवानपुरले आ.व. २०८१।८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रूखहरु वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान १८८ को ११८९.६० क्यू.फि. काठ बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री मनकामना सामुदायिक वन उपभोक्ता समूह मनहरी ७ मकवानपुर**

**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८१।११।२४**

यस डिपाड सामुदायिक वन उपभोक्ता समूह मनहरी, ६ मकवानपुरले आ.व. २०८१।८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रूखहरु वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान २५६ को २१०७.२२ क्यू.फि. काठ तथा दाउरा साल समेतको ६.०० चट्टा बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री डिपाड सामुदायिक वन उपभोक्ता समूह मनहरी ६ मकवानपुर**

**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८१।११।२४**

यस पोलाघारी सामुदायिक वन उपभोक्ता समूह मनहरी, ६ मकवानपुरले आ.व. २०८१।८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रूखहरु वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान १४४ को १०५२.५२ क्यू.फि. काठ तथा दाउरा साल समेतको २.०० चट्टा बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री पोलाघारी सामुदायिक वन उपभोक्ता समूह मनहरी ६ मकवानपुर**

**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८१।११।२४**

यस बाघभैरूड. सामुदायिक वन उपभोक्ता समूह मनहरी, ६ मकवानपुरले आ.व. २०८१।८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रूखहरु वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान १०९ को ९२२.२२ क्यू.फि. काठ बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री बाघभैरूड. सामुदायिक वन उपभोक्ता समूह मनहरी ६ मकवानपुर**

**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८१।११।२४**

यस सिम्पानीदेवकोट संयुक्त सामुदायिक वन उपभोक्ता समूह मनहरी, ८ मकवानपुरले आ.व. २०८१।८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रूखहरु वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान ८८ को ११०१.१७ क्यू.फि. काठ बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री सिम्पानीदेवकोट संयुक्त सामुदायिक वन उपभोक्ता समूह मनहरी ८ मकवानपुर**

**युएइमा रोजगार** कम्पनी : **Emrill Services LLC**

पूर्व स्वीकृति मिति : २०८१/११/२३ | LT. No. 320003 | चलानी नं. ६०२३४१३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER MALE | 200 | 0 | 800 | ३०,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र २ गते (15 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 593/062/63

**KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.**
(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486

**युएईमा रोजगार** कम्पनी : **BOOSSE FOR CARPENTRY & FLOORING CONTRACTING CO. L.L.C**

पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319832 | चलानी नं. ६०२३४०९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1200 | ४५,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Painter | 4 | 0 | 1200 | ४५,५४५ | | | | | | | |
| 3 | Tile Layer | 4 | 0 | 1200 | ४५,५४५ | | | | | | | |

कम्पनी : **A I G Technical & Electromechanical Services LLC**

पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319833 | चलानी नं. ६०२३४०९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bricklayer | 1 | 0 | 1200 | ४५,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Painter Assistant | 1 | 0 | 1200 | ४५,५४५ | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 1200 | ४५,५४५ | | | | | | | |
| 4 | Concrete Masons | 1 | 0 | 1200 | ४५,५४५ | | | | | | | |
| 5 | Electrician Assistant | 1 | 0 | 1200 | ४५,५४५ | | | | | | | |
| 6 | Electrician General | 1 | 0 | 1200 | ४५,५४५ | | | | | | | |
| 7 | Insulation Worker | 1 | 0 | 1200 | ४५,५४५ | | | | | | | |
| 8 | Labour | 2 | 0 | 1200 | ४५,५४५ | | | | | | | |
| 9 | Painter | 1 | 0 | 1200 | ४५,५४५ | | | | | | | |
| 10 | Plumber | 1 | 0 | 1200 | ४५,५४५ | | | | | | | |
| 11 | Scaffolder | 1 | 0 | 1200 | ४५,५४५ | | | | | | | |
| 12 | Steal Fixer | 2 | 0 | 1200 | ४५,५४५ | | | | | | | |
| 13 | Stone Mason | 1 | 0 | 1200 | ४५,५४५ | | | | | | | |
| 14 | Stone Worker | 1 | 0 | 1200 | ४५,५४५ | | | | | | | |
| 15 | Tile Polisher | 1 | 0 | 1200 | ४५,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र २ गते (15 Mar. 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np

# होमस्टेले हौसिए फोक्सिङकोटवासी

रामचन्द्र रायमाझी/पाल्पा



जिल्लाको रम्भा गाउँपालिका-२ स्थित रानीबास फोक्सिङकोटका धनबहादुर सारु ज्याला मजदुरी गरेरै परिवारको गुजारा गर्थे । आफूसँग भएको आधा विघा जमिनले खान पनि नपुग्ने भएकाले उनी गाउमै खेतीपाती र अन्य काममा मजदुरी गर्दै आएका थिए । त्यही मजदुरीको भरमा सारुले आठ जनाको परिवार पालेका थिए । पर्यटकीयस्थल फोक्सिङकोट नजिकै वस्तीमा बसोबास गरिरहेका उनले हाल मजदुरी गर्न छाडेका छन् । केही समययता उनको बस्तीमा होमस्टे (घरवास पर्यटन) सञ्चालन भएपछि अर्काकोमा मजदुरी गर्नुपर्ने बाध्यता हटेको उनी बताउँछन् ।

सारु मजदुरी छाडेर होमस्टेकै व्यवस्थापन र पाहुनाको स्वागतमा लागेका छन् । होमस्टेबाट राम्रै आम्दानी हुने भएपछि उनी उत्साहित छन् । यस्तै स्थानीय रनबहादुर सारुले गाउँमै होमस्टे सञ्चालन भएपछि आफूहरूका लागि आयआर्जन पनि हुने र आफ्नो कला, संस्कृतिलाई चिनाउने अवसरसमेत मिल्ने भन्दै खुसी व्यक्त गरे । धनबहादुर र रनबहादुरमात्र होइन, यहाँका वासिन्दा होमस्टे सञ्चालनमा आएपछि उत्साहित भएका छन् ।

आफ्नो कला, संस्कृति, रीतिरिवाजसहितको पहिचान खोजिरहेको अवस्थामा होमस्टे सञ्चालन जनजाति समुदायका लागि एउटा अवसर हुने स्थानीय टेकबहादुर पुनले बताए । उनले भने, 'होमस्टे सञ्चालनबाट हामीले आफ्नो कला, संस्कृति चिनाउन पाउनेछौं । मगर, जनजाति समुदायको पहिचानको प्रचारप्रसार हुने छ ।' बाहिरका मानिसलाई आफ्नो चालचलनअनुसार जे-जे खानेकुरा छ, बनाएर खुवाउन र आफ्नो सांस्कृतिक पहिचान देखाउनुको साथै दुई/चार पैसा आम्दानीका लागि होमस्टे राम्रो माध्यम बन्ने पुनको भनाइ छ । पर्यटन प्रवर्द्धनका साथै आयआर्जनमा टेवा पुऱ्याउने उद्देश्यले केही दिन अघि गाउँपालिकाको पहलमा स्थानीयले 'रानीबास सामुदायिक होमस्टे' सञ्चालनमा ल्याएका छन् । होमस्टे सञ्चालन भएपछि पर्यटक पनि आकर्षित हुन थालेका छन् ।

समुद्र सतहदेखि करिब एक हजार २०० मिटर उचाइमा रहेको फोक्सिङकोट गाउँमा पुग्ने पर्यटकले रानीबास गाउँबीचमा रहेको चुर्कीथान, माछापुच्छ्रे, अन्नपूर्ण, धवलागिरि हिमालसँगै अन्य हिमशृंखला, स्याङ्जाको गल्याङ बजार, रिमीघा लेक र टिमुरडाँडा, आर्यभञ्ज्याङ, तानसेनको श्रीनगर, सिद्धार्थ राजमार्ग, कालीगण्डकी करिडोर, कालीगण्डकी नदी, राम्दीपुलगायतका मनमोहक दृश्य अवलोकन गर्न पाउने छन् ।

होमस्टेमा बास बस्ने पर्यटकहरूले स्थानीय झाम्रे नाँच, मारुनी नाच, सालैजो, कौडा, ठूलो नाच, पञ्चेबाजा कला, संस्कृतिसमेतको आनन्द लिन पाउने छन् । होमस्टेमा आउने पर्यटकलाई प्रतिव्यक्ति एक हजार रूपैयाँबराबर खर्चमा प्याकेजको व्यवस्था मिलाइएको छ । कुखुराको मासुसहित दुई छाक खाना, एक नास्ता र बस्नका लागि प्याकेजमा सुविधा रहेको छ । यहाँ स्थानीय उत्पादनका परिकार खुवाइन्छ । पर्यटकको मागअनुसार कोदोको ढिँडो, रोटी, मकैको आँटो, गुन्द्रुक, स्थानीय जातका कुखुराको मासु, स्थानीय प्रजातिको सुँगुरको मासु, बटुक, सेलरोटीलगायतका परिकारको स्वाद लिन पाइने होमस्टे सञ्चालक समितिकी अध्यक्ष देउकुमारी सारुले बताइन् ।

> होमस्टेमा बास बस्ने पर्यटकहरूले स्थानीय झाम्रे नाँच, मारुनी नाच, सालैजो, कौडा, ठूलो नाच, पञ्चेबाजा कला, संस्कृतिसमेतको आनन्द लिन पाउने छन् । होमस्टेमा आउने पर्यटकलाई प्रतिव्यक्ति एक हजार रूपैयाँबराबर खर्चमा प्याकेजको व्यवस्था मिलाइएको छ । कुखुराको मासुसहित दुई छाक खाना, एक नास्ता र बस्नका लागि प्याकेजमा सुविधा रहेको छ । यहाँ स्थानीय उत्पादनका परिकार खुवाइन्छ ।

होमस्टे पुग्ने पर्यटकहरूका लागि अवलोकन गर्न जनजाति संग्रहालयसमेत निर्माण गरिएको छ । यहाँ जनजातिका परम्परागत सीप, कला, कौशलका सरसमान व्यवस्थितरूपमा सजाएर राखिएका छन् । साथै, मगर समुदायको भेषभूषा, ऐतिहासिक माटो र काठले बनेका भाँडा, हतियार, दैनिक जीवनमा प्रयोग हुने प्राचिन सामान संग्रहालयमा राखिएका छन् । परम्परागत र आधुनिक सीपकलाको मिश्रणबाट संग्रहालय भवनलाई कुडुले घरको रूपमा निर्माण गरिएको छ । भवन तथा संग्रहालय निर्माणका लागि केन्द्र सरकार पर्यटन मन्त्रालय र स्थानीय सरकारको एक करोड १५ लाख रूपैयाँ खर्च भएको छ । अहिले फोक्सिङकोटमा ९३ घरपरिवार मगर रहेका छन् । तीमध्ये १६ घरमा होमस्टे सञ्चालन गरिएको छ भने अन्य घरमा पनि विस्तार गर्ने योजना रहेको रानीबास होमस्टे सञ्चालक समितिले जनाएको छ । यहाँ रैथाने बालीको नियमित उत्पादन, परम्परागत कला, संस्कृतिको जीवन्तता, प्राकृतिक सौन्दर्यता र एकै किसिमको मगर बस्ती भएका कारण नै गाउँपालिकाले होमस्टे सञ्चालनमा सक्रियता देखाएको पालिका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बताए ।

आफ्नै घरमा पाहुनालाई राखेर आफैंले उत्पादन गरेको वस्तुबाट बनाएको खानाको परिकार बिक्री गरी स्थानीय मानिसले आम्दानी गर्ने यो एक भरपर्दो र सजिलो माध्यम पनि हो । होमस्टेमा आउने पाहुनाले केही न केही रकम खर्च गर्दछन् । सामान्य आयस्तर भएका मानिसका लागि यो आर्थिक अवसर पनि हो । होमस्टेमा आउने पाहुनाले देख्ने दृश्य, वातावरण, संस्कृति र मानिसले गर्ने सेवासमेतको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मूल्य तिरिरहेका हुन्छन् । यसले गर्दा पर्यटक आउँदा सहरका ठूला होटल र ठूला पर्यटन व्यवसायीले मात्र लाभ प्राप्त गर्ने होइन कि एउटा सामान्य दूरदराजमा बस्ने मानिसले पनि पर्यटनको महत्त्व बुझ्दै आर्थिक अवसर प्राप्त गर्दछ । यसबाट सामान्य ग्रामीण क्षेत्रमा बसोवास गर्ने मानिसले समेत पर्यटनको माध्यमबाट केही न केही आयआर्जन गर्न सक्छन् ।

होमस्टे ग्रामीण पर्यटन विकासका लागि महत्त्वपूर्ण पूर्वाधार हो । ग्रामीण समुदाय अझ विशेषगरी आर्थिक तथा सामाजिक वञ्चितीकरणमा पारिएका महिला, आदिवासी जनजाति तथा अल्पसंख्यक समुदायलाई आर्थिक सशक्तीकरण गरेर विकासको मूलधारमा ल्याउन होमस्टेले महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । त्यसैले होमस्टे स्थापना तथा प्रवर्द्धन संघीय, प्रदेश तथा स्थानीय सरकार सबैको चासो र प्राथमिकताको विषय भएको छ ।

नेपालमा होमस्टेको प्रचलन परम्परागत भए पनि पछिल्लो समयमा यसलाई कार्यविधि नै बनाएर व्यवस्थित गर्न खोजिएको छ । अहिले होमस्टे कार्यविधि २०६७ ले निर्देश गरेअनुरूप नै सञ्चालनमा छन् । पर्यटकलाई ग्रामीण क्षेत्रको वास्तविक अनुभूति गराउने र पर्यटनको माध्यमबाट दूरदराजका मानिसको आयआर्जन तथा रोजगारीको अवस्थालाई दिगो विकाससँग जोडी पर्यटनमैत्री वातावरण बनाउने यस कार्यविधिको उद्देश्य रहेको छ । होमस्टेले सबै प्रकारका पाहुनाहरूलाई बस्नका लागि वैकल्पिक र किफायती ठाउँ प्रदान गर्दछ । जहाँ प्रकृति र संस्कृतिको भरपुर आनन्द लिन सकिन्छ । अहिले नेपालमा तीनै तहका सरकारले होमस्टेलाई महत्त्वका साथ हेरेको पाइन्छ ।

यहाँ घरवास सञ्चालनमा आएसँगै यस क्षेत्रका सांसद तथा मन्त्रीसमेतले चासो व्यक्त गरेका छन् । उनीहरूले होमस्टेको दिगो विकासका लागि आफूले आवश्यक सहयोग गर्ने बताएका छन् । यहाँका नागरिकको आम्दानीको स्रोत होमस्टे बन्न सक्ने भन्दै उनीहरूले आवश्यक भौतिक पूर्वधार निर्माणमा आफूहरूको सहयोग रहने स्थानीयसँग प्रतिबद्धता जनाएका छन् ।

पाल्पा क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य नारायणप्रसाद आचार्यले ग्रामीण पर्यटन विकासका लागि होमस्टे कार्यक्रम प्रभावकारी हुने बताए । होमस्टेको कारण फोक्सिङकोटको विकासमा महत्त्वपूर्ण योगदान पुग्नेसमेत उनले विश्वास व्यक्त गरे । उनले भने, 'अब फोक्सिङकोटमा आउने मोटरबाटो स्तरोन्नति हुने छ, पर्यटकीय पूर्वाधारहरू निर्माण हुने छन् ।' संघ, प्रदेश र स्थानीय सरकार मिलेर फोक्सिङकोटको विकासमा अगाडि बढ्नेसमेत सांसद आचार्यले बताए ।

लुम्बिनी प्रदेश सरकारका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले होमस्टे सञ्चालन हुनु राम्रो पक्ष भएकाले पाहुनाहरूलाई सन्तुष्टि गराउन सके यहाँका वासिन्दा घरमै बसीबसी आम्दानी गर्नसक्ने बताए । 'हामी सबैको चाहना गाउँलाई सुखी र समृद्ध बनाउने भएकाले स्थानीय उत्पादन, स्थानीय कला, संस्कृति र प्राकृतिक अवलोकनको अभियानबाट नै गाउँमा प्रशस्त आम्दानी गर्न सकिन्छ,' उनले भने । होमस्टे कार्यक्रमका लागि आवश्यक पर्ने पूर्वाधार, तालिम, तथा प्रचारप्रसारमा प्रदेश सरकारको सहयोग रहने मन्त्री सारुले बताए । उनले मगर समुदायको संस्कृतिको संरक्षण र स्थानीयलाई घर खर्च चलाउन होमस्टे उपयुक्त माध्यम बन्नेसमेत विश्वास व्यक्त गरे ।

होमस्टेलाई एउटा शुद्ध व्यापारका रूपमा मात्र नबुझेर संस्कृति, परम्परामा आधारित पर्यटन सेवा हो भन्ने होमस्टे सञ्चालक, होमस्टेमा बास बस्न आउने अतिथि पर्यटक तथा नीति निर्माताले बुझ्नुपर्छ । होमस्टे ग्रामीण पर्यटनको पूर्वाधारमात्र नभएर, समुदायको एकीकृत विकासको महत्त्वपूर्ण अंग पनि हो । यसलाई एकीकृत विकासको अवधारणाअनुसार दीर्घकालीन सोचसाथ अगाडि बढाउन सकिएमा समुदायलाई सामाजिक र आर्थिक समृद्धिको पथमा डोऱ्याउन सकिन्छ । स्थानीय सामाजिक, सांस्कृतिक रहनसहन तथा वातावरणीय सम्पदालाई पर्यटन व्यवसायसँग जोडेर समुदायमा स्वरोजगारको अवसर सिर्जना गर्न र ग्रामीण अर्थतन्त्र सबलीकरण गरी देशको आर्थिक समृद्धिको अभियानमा होमस्टेले सशक्त भूमिका खेल्न सक्छ । *रासस*

# अर्ग्यानिक चिया उत्पादन गर्ने अभियानमा सूर्योदय नगर






> हामीले उत्पादन गरेको चियाले आफैं रोगको सिकार हुनुपऱ्यो भने विश्वबजारमा बिक्री गर्न सकिँदैन । हामी विष खाँदैनौं, विष बेच्दैनौं । विगत वर्षदेखि अर्ग्यानिक उत्पादन गर्ने भनेर अभियान चलाइए पनि तथ्यांकहरूले विषादीको प्रयोग देखाएकाले अब कडाइका साथ विषादी नियमन गर्छौं ।
>
> **रणबहादुर राई**
> प्रमुख, सूर्योदय नगरपालिका, इलाम

मनोज अधिकारी/इलाम

सूर्योदय नगरपालिकाले क्यान्सर रोगको जोखिम हुन नदिन विषादी प्रयोगमा कडाइ गर्न थालेको छ । नगरका किसानले तरकारीलगायत अन्य बालीमा विषादीको मात्रा बढाउन थालेपछि नगरपालिकाले कडाइ गर्न थालेको हो ।

नगरपालिकाले अर्ग्यानिक चिया उत्पादन अभियान नै सञ्चालन गर्न किसानलाई प्रोत्साहनसमेत गरिराखेको छ । 'हामीले उत्पादन गरेको चियाले आफैं रोगको सिकार हुनुपऱ्यो भने विश्वबजारमा बिक्री गर्न सकिँदैन,' नगरप्रमुख रणबहादुर राईले भने, 'हामी विष खाँदैनौं, विष बेच्दैनौं । विगत वर्षदेखि अर्ग्यानिक उत्पादन गर्ने भनेर अभियान चलाइए पनि तथ्यांकहरूले विषादीको प्रयोग देखाएकाले अब कडाइका साथ विषादी नियमन गर्छौं ।'

नगरपालिकाले गत दुई आर्थिक वर्षमा विपन्न नागरिक सहायता कार्यक्रमअन्तर्गत स्वास्थ्य सेवाका लागि आर्थिक सहयोगमा लागि सिफारिस गरिएका बिरामीहरूमध्ये सबैभन्दा बढी क्यान्सर रोगी देखिएका छन् । आव २०७९/८० मा सिफारिस गरिएका ५७ जना बिरामीमध्ये सबैभन्दा बढी ४० जना क्यान्सरपीडित थिए भने मिर्गौलाका १० र मुटुका सात बिरामी थिए । त्यसैगरी गत आवमा यो तथ्यांक वृद्धि भएर कूल सिफारिस संख्या ८२ पुग्यो । सो तथ्यांकमा पनि क्यान्सरका सबैभन्दा बढी ५० बिरामी छन् । त्यसैगरी मिर्गौलाका २०, मुटुका तीन र टाउकोमा चोट भएका तीन जनाको स्वास्थ्य सेवाका लागि सिफारिस गरिएको सूर्योदय नगरपालिका स्वास्थ्य शाखाका प्रमुख विपुल अधिकारीले जानकारी दिएका छन् ।

चालु आर्थिक वर्षमा यो तथ्यांक अझ वृद्धि हुने अनुमान छ । यी त नगरपालिकामा स्वास्थ्य सेवा पाउन माग गर्दै पेस भएका निवेदनका आधारमा उपलब्ध तथ्यांकमात्र हो । यसबाहेक पालिकाको सम्पर्कमा नआएर उपचार गरिरहेका वा ज्यान गुमाएका क्यान्सरपीडित धेरै छन् ।

सबैमा क्यान्सर रोगको कारण चियाको विषादीमात्र नभए पनि अधिकांश कारण भने विषादी नै भएको हुनसक्ने सूर्योदय-८ का वडाध्यक्ष जंग गुरुङले बताए । 'क्यान्सरकै कारण मैले गत वर्ष परिवारको एक सदस्य गुमाएँ । धेरै ठाउँ डाक्टरलाई देखाउँदा विषादीकै कारण रोग लागेको बताउनुभयो,' उनले भने, 'झापाको पूर्वाञ्चल क्यान्सर अस्पतालदेखि राजधानीका थुप्रै अस्पतालका वरिष्ठ डाक्टरहरूले विषादीलाई कारण देखाउनुभयो ।'

वडाध्यक्ष गुरुङले यस वर्ष आफ्नो वडालाई अर्ग्यानिक वडा घोषणा गर्नेगरी काम थालिएको बताए । 'मैले आफन्त गुमाएँ । आज घर-घरमा क्यान्सर रोगी फेला परिरहेका छन् । 'यो दुर्दशा सबैले भोग्नुभन्दा बेलैमा सचेत हुनुपर्छ,' उनले भने, 'सूर्योदयका सबै वडामा भन्दा ८ नं. वडामा बढी चियाखेती हुन्छ । सबैभन्दा बढी चिया उद्योग यहीँ छ । यहाँबाट अर्ग्यानिक वडा घोषणा सुरु गर्दै छौं ।'

पहिलो चरणमा किसान, चिया उद्योगी, व्यापारी, स्थानीय राजनीतिक दलका प्रतिनिधि, टोल विकास, बाली बिमा कम्पनीका प्रतिनिधिलगायतसँग बसेर वडाले छलफल चलाएको बताउँदै वडाध्यक्ष गुरुङले अब टोलटोलमा पुगेर किसानसँग सचेतनामूलक कार्यक्रम गरिने साथै उनीहरूलाई अर्ग्यानिक उत्पादनसम्बन्धी तालिम र अन्य कार्यक्रम सञ्चालन गरिने बताए । 'विषले मानव स्वास्थ्यलाई मात्र नभएर हाम्रो विश्व परिचयमा पनि असर गर्छ । चिया पिउन लायक बनाउनुपर्छ । उत्पादन अर्ग्यानिक र गुणस्तरीय भएपछि किसानले राम्रो मूल्य पाउँछन्,' नगरप्रमुख राईले भने, 'क्षणिक लाभ हेरेर स्वास्थ्यजस्तो संवेदनशील विषयमा बेवास्ता गर्नु हुँदैन ।'

सूर्योदयमा उत्पादन हुने सबै चिया विषादीयुक्त छन् भन्ने होइन । कतिपय चिया बगान अर्ग्यानिक पनि छन् । सूर्योदय-९ ढोडेका रामप्रसाद राईले चियाको प्रांगारिक खेती सुरु गरेको छ वर्ष भयो । उनको १६ रोपनी क्षेत्रफलमा फैलिएको चिया बगानबाट दैनिक ८० किलो उत्पादन हुन्छ । 'प्रतिकेजी १०१ रूपैयाँका दरले सुन्दरपानी कृषि सहकारी संस्थालाई दिन्छौं, उसले एक रूपैयाँ नाफा राखेर गोर्खा टी स्टेटलाई बेच्छ,' राईले भने, 'नगरपालिकाले तोकेको चियाको न्यूनतम समर्थन मूल्य प्रतिकिलो ४० रूपैयाँ हो । तर हाम्रो चिया प्रांगारिक भएकाले १०१ रूपैयाँभन्दा बढी मूल्य पाएका छौं ।' राईमात्र होइन साङपाङ टोल ढोडेका सबै किसानले रासायनिक मलको प्रयोग छाडेर गाई-बाख्राको मल प्रयोग गरिरहेका छन् । 'चियामा लहलह मुना पलाउँछ, खाँदा स्वास्थ्यलाई हानि गर्दैन, बिक्री मूल्य पनि राम्रो पाइन्छ,'

क्रमशः पृष्ठ ५ मा



**बिपी राजमार्ग** | गत असोज दोस्रो साताको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गको मर्मत गरिँदै । डिभिजन सडक कार्यालय भक्तपुरले राजमार्गअन्तर्गत क्षति पुगेको नमोबुद्ध नगरपालिकाको चौकीडाँडादेखि काभ्रेपलाञ्चोक र सिन्धुलीको सीमास्थल नेपालथोकसम्मको अस्थायी मर्मतलाई तीव्र पारिएको जनाएको छ । *तस्बिरः रासस*

# जग्गा प्राप्त नहुँदा ट्रमा सेन्टर निर्माण अधुरै

**कैलाली (प्रस)–** कैलालीको लम्कीमा निर्माण हुने भनिएको प्राथमिक ट्रमा सेन्टर स्थापनाको काम अघि बढ्न सकेको छैन । ट्रमा सेन्टर पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा प्राप्त हुन नसक्दा चार वर्षदेखि सो काम अलपत्र परेको हो ।

सरकारले ट्रमा सेन्टर स्थापनाका लागि विगत चार वर्षदेखि विनियोजन गर्दै आएको बजेट फ्रिज भएर जाने गरेको सहरी विकास तथा भवन निर्माण कार्यालय कैलालीले जनाएको छ । सरकारले ट्रमा सेन्टर स्थापनाका लागि चालु आर्थिक वर्षमा ५० लाख रूपैयाँ बजेट विनियोजन गरे पनि जग्गा प्राप्त हुन नसक्दा आवश्यक प्रक्रिया अघि बढ्न नसकेको सहरी विकास तथा भवन निर्माण कार्यालय कैलालीका सूचना अधिकारी तथा इञ्जिनियर पुष्पराज भट्टले बताए ।

उनका अनुसार ५० शयचाको ट्रमा सेन्टर निर्माणका लागि गत आव २०८०/८१ मा बहुवर्षीय योजनाअन्तर्गत पाँच करोड रूपैयाँ बजेट बजेट विनियोजन गरिएको थियो । साथै आव २०७८/७९ मा पाँच करोड रूपैयाँ विनियोजन गरिएको थियो । आर्थिक वर्ष २०७९/८० मा कैलालीको लम्की सम्भाव्यता अध्ययन गरी ट्रमा सेन्टर स्थापनाका लागि बजेट विनियोजन भएको थियो । कार्यालयका सूचना अधिकारी भट्टले जग्गाको सुनिश्चितता गर्न स्वास्थ्य कार्यालय र सम्बन्धित पालिकालाई आग्रह गर्दै आएको पनि जानकारी दिए ।

पूर्व–पश्चिम राजमार्गअन्तर्गत चिसापानी–लम्की खण्डमा सवारी दुर्घटना बढी हुने र घाइतेले समयमै उपचार नपाउँदा अकालमै मृत्यु हुने भएकाले ट्रमा सेन्टर निर्माणको अवधारणा सुरु भएको थियो । हाल सामान्य उपचारदेखि आकस्मिक उपचारका लागि यस क्षेत्रका नागरिक नेपालगञ्ज तथा भारत जानुपर्ने बाध्यता छ ।

पृष्ठ ४ बाट क्रमशः

# अर्ग्यानिक चिया...

किसान मनबहादुर राईले भने, 'गाईको मल एकपटक र गहुँतबाट बनाएको 'रक्षिन' वर्षमा दुईपटक लगाई दिनुपर्छ, अन्य गोडमेल र सिँचाइ पुग्यो भने विषादी हालेकोभन्दा राम्रो उत्पादन पनि हुन्छ ।' यो टोलका विनोद मोक्तान, विमल, सुशीला, रामप्रसाद, पूर्ण र तारा राईका परिवार बिहानसाँझ चियाको गोडमेल, मलजल, सिँचाइ र टिपाइमा व्यस्त हुन्छन् । बेलामा पानी नपरेकाले केही ढिलो भए पनि यस वर्षको टिपाइ चैत पहिलो साताबाट सुरु हुने मनबहादुरले बताए । उनका अनुसार, हरियो चिया उत्पादनको उर्वर समय चैतदेखि असोजसम्मको छ महिना हो ।

क्यान्सरले नागरिकको ज्यान लैजाने र उत्पादन गुणस्तरीय नहुँदा विश्वबजारमा निर्यात नहुने भएपछि नगरपालिकाले प्रांगारिक चिया उत्पादनको अभियान चलाइरहेको हो । छ वर्षअघि नै चियाको कार्यविधि बनाएर न्यूनतम समर्थन मूल्य तोकेको सूर्योदयमा चियाको टिपाइ सुधार हुन नसक्दा भारतलगायत मुलुकमा नेपाली चिया बिक्रीमा समस्या छ । 'पहिले भारतले यहाँको चिया किन्दा सिएफएल परीक्षण गर्थ्यो तर अब त्यसको अलावा फसाइ परीक्षण गर्दै छ,' नगरप्रमुख राईले भने, 'यसले गर्दा हाम्रो चिया भारतमा सजिलै बिक्री हुने अवस्था छैन । यदि चिया प्रांगारिक भएन भने सबै चिया नबिक्ने अवस्था हुन्छ । यो समस्या बुझेर किसानले उत्पादनलाई विषादीरहित र टिपाइ गुणस्तरको बनाउनुपर्छ ।'

चियाको टिपाइ सुधार गर्न भन्दै नगरपालिकाले गत वर्ष ३०० किसानलाई चिया टिप्ने हाते मेसिन वितरण गर्‍यो । 'टिपाइमा सुधार भइसकेपछि न्यूनतम समर्थन मूल्य कार्यान्वयन हुन्छ । करिब ३०० वटा चिया टिप्ने हाते मेसिन वितरण भएको छ । यो वितरण यस वर्ष पनि हुन्छ । चियालाई 'ब्राण्डिङ' गर्नुपर्छ, 'टी' परीक्षण गर्नुपर्छ भनेर निर्माण गरिएको 'टी टेस्टिङ एण्ड रिसर्चिङ सेन्टर' सञ्चालनमा आइसकेको छ,' नगरप्रमुख राईले भने ।

नगरपालिकाको दीर्घकालीन सोचको नारा नै 'सूर्योदय नगरपालिकाको समृद्धि, प्रांगारिक कृषि पर्यापर्यटन र आर्थिक समानता' भन्ने रहेको छ । २०७५ साउन १ गते नै निषेधित विषादीमुक्त पालिका घोषणा गरी सबै १४ वडाका २५२ टोलमा सचेतना कार्यक्रम भइसकेको नगर आर्थिक विकास समितिका संयोजक देवेन्द्र आचार्यले बताए । 'गोठ सुधार, भकारो सुधार, माटो परीक्षणजस्ता कार्यक्रममार्फत प्रांगारिक उन्मुख अभियान चलाइरहेका छौं,' उनले भने ।

नगरपालिकाले चियाबाट नै आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य लिएको छ । कार्यविधि बनाएर गुणस्तर सुधार गर्न लागिपरेको सूर्योदयले चियामा विषादीको प्रयोग रोक्न नसक्दा आलेचना खेप्नु परिरहेको छ । अर्कातिर किसानलाई प्रांगारिक खेतीमा आकर्षित गर्न अनुदानको कार्यक्रम छैन । '८० प्रतिशतभन्दा धेरैको आयस्रोत बनेको चियामा प्रतिकिलो एक रूपैयाँ अनुदान दिँदा पनि करोडौं लगानी चाहिन्छ । स्थानीय सरकारको एक्लो प्रयासले सहजै किसानको समस्या समाधान हुने देखिँदैन । प्रदेश र संघले चिया सुधार गर्न लगानी नगर्दा स्थानीय सरकार मर्कामा परेको छ,' नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृतबहादुर राईले भने ।

नेपाली चियाको अन्तर्राष्ट्रिय 'ब्राण्डिङ' प्रवर्द्धनका लागि सहयोग, साना किसानका लागि हरियो पत्ती उत्पादनका आधारमा उखुमा जस्तै अनुदान दिनुपर्ने माग उद्योगीले गरेका छन् । उद्योगी उदय चापागाईंले कृषिका अन्य क्षेत्रमा जस्तै चियामा अनुदान दिन सरकारले कञ्जुस्याइँ गर्ने गरेको बताए । 'चिया क्षेत्रको समस्यामा दिगो समाधान खोज्न किसानलाई सहुलियत दिनुपर्छ,' उनले भने, 'किसानलाई मल, सिँचाइ र अनुदानमा सरकारले सहयोग गर्नसक्छ । अझ चियाको अन्तर्राष्ट्रिय बजार दिगो बनाउन अर्ग्यानिक उत्पादन मात्रै विकल्प हो ।'

नेपालमा उत्पादित ५५ लाख तयारी अर्थोडक्स चियामध्ये तीन लाख किलोमात्र अर्ग्यानिक रहेको तथ्यांक छ । सूर्योदय नगरपालिकामा ६२ भन्दा बढी चिया प्रशोधन उद्योग छन् । तीमध्ये सूर्योदय टी एसोसिएसनमा ५२ वटा उद्योग आबद्ध छन् । यहाँ तीन हजार हाराहारी किसानको हरियो चियापत्ती प्रशोधन गरिन्छ । यहाँका उद्योगमा सूर्योदय नगरपालिकाको मात्र होइन माइजोगमाई, रोङलगायत किसानले उत्पादन गरेको हरियो पत्ती प्रशोधनका लागि पुग्ने गरेको छ । यहाँको तयारी चिया भारतसहितका तेस्रो मुलुकसम्म पुग्ने गरेको छ ।

नेपालमा १२ हजार ६६ हेक्टरमा चियाखेती हुँदै आएको छ । देशभरमै बढी चिया उत्पादन हुने जिल्ला इलाम हो । यहाँ छ हजार ९९५ बगान रहेका छन् । सूर्योदय नगरपालिका चियाको राजधानीका रूपमा पनि परिचित छ । देशभरका ११ हजार ४१ बगानबाट १० करोड ८० हजार किलो हरियो पत्ती उत्पादन हुने गरेको बगान सञ्चालकहरूले बताएका छन् । *रासस*

# पर्यटक आकर्षित गर्दै तेह्रथुमको चाङलुङ गुफा



**तेह्रथुम–** छथर गाउँपालिका–६ सुदापमा रहेको चाङलुङ गुफामा पछिल्लो समय आन्तरिक पर्यटकको नजरमा पर्न थालेको छ । स्थानीय सरोकारवालाको पहलमा चाङलुङ गुफाको पर्यटन प्रवर्द्धन र प्रचारप्रसारको काम थालिएपछि उक्त स्थान पर्यटकको नजरमा पर्न थालेको हो ।

चाङलुङ गुफा क्षेत्रमा हरेक दिनजसो आन्तरिक पर्यटक पुग्ने गरेका छथर गाउँपालिका–६ का वडाध्यक्ष महेन्द्र मादेनले बताए । उनका अनुसार हिउँदयाम वनभोज खाने र विशेष अवसरमा चाङलुङ गुफामा आन्तरिक पर्यटकको घुइँचो लाग्छ । करिब ३८ रोपनी क्षेत्रफलमा फैलिएको सो क्षेत्रमा १५० मिटर लामो गुफा प्रकृतिको अनुपम उपहारका रूपमा रहेको छ । 'टर्चलाइट'को सहायतामा अँध्यारो गुफा पार गर्दा मनमा केही डरसँगै रोमाञ्चक अनुभूति हुन्छ । यहाँ अन्य स–साना थुप्रै गुफा छन् । प्राकृतिकरूपमै मिलेर बसेका ढुंगाका थाक, ठूल्ठूला चट्टान, पहरा, विभिन्न प्रजातिका वनस्पति र चराचुरंगीको आवाजले चाङलुङ गुफा विचरणलाई थप यादगार बनाउँछ ।

यहाँ चाङलुङ देवी, मच्छिन्द्र देवीलगायत अन्य देवीदेवताको बासस्थान रहेको किंवदन्ती छ । स्थानीयले तिनको विशेष पूजाआराधना गर्दै आएका स्थानीय रमेश खड्काले बताए । किंवदन्तीअनुसार प्राचीनकालमा चाङलुङ गुफाबाट चार किलोमिटर माथिको दारेगौंडाबाट एक बिजुवानी र एक कुकुर गुफाभित्र छिर्दा कुकुर मात्र चाङलुङ गुफामा निस्कियो । बिजुवानीभित्रै कतै अलप भइन् । उनी नै चाङलुङ देवी र मच्छिन्द्र देवीका रूपमा परिणत भएको विश्वासमा स्थानीयले पूजाआजा गर्न थालेको र यहाँ शक्तिशाली देवी रहेको विश्वास रहेको स्थानीय बुद्धिमान लिम्बूले बताए ।

चाङलुङ गुफाको पर्यटन प्रवर्द्धनमा तीनै तहका सरकारले लगानी गरेका छन् । वि.सं. २०७५ यता चाङलुङ गुफा पर्यटन प्रवर्द्धनमा तीन तहका सरकारका तीन करोड रूपैयाँ बजेट खर्च भइसकेको छथर गाउँपालिका अध्यक्ष सन्तवीर लिम्बूले बताए । पर्यटक आकर्षित गर्न स्वागतद्वार, चट्टाने पहराको टुप्पोमा रिफ्रेसमेन्ट (हावाघर), सिँढी मार्ग, रेलिङ, फलैँचा, लभपार्कजस्ता संरचना निर्माण गरिएका छन् ।

कतिपय संरचना निर्माणाधीन अवस्थामा रहेका वडाध्यक्ष मादेनले बताए । प्राकृतिकरूपमा अत्यन्तै सुन्दर र अनौठो लाग्ने चाङलुङ गुफालाई भविष्यमा पूर्वकै अब्बल पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य रहेको छथरका अध्यक्ष लिम्बूले बताए । कोशी राजमार्गअन्तर्गत धनकुटाको सिधुवा बजारबाट शुक्रबारे बजार हुँदै छथर गाउँपालिका–५ मार्सेसम्म १२ किलोमिटर पक्की सडक र त्यहाँबाट तीन किलोमिटर कच्ची सडक हुँदै चाङलुङ गुफा पुग्न सकिन्छ । *रासस*


## चौरपाटी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**चौरपाटी, अछाम**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१/११/२४**

यस कार्यालयबाट मिति २०८१ माघ ०८ गतेको दिन सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरीद प्रणाली (e-GP) bolpatra.gov.np/egp र प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरीद प्रणाली (e-GP) bolpatra.gov.np/egp मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्र मध्ये तपसिल बमोजिमको निर्माण कार्यको लागी तपसिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही भई स्विकृतिको लागी छनौट भएको हुँदा सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ३१ (ज) को उपनियम ७ बमोजिम सम्बन्धित सबैमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| Contract ID No. | Discription of Work | Name of Bidders | Bid Price (without VAT and PS) | Remarks |
|---|---|---|---|---|
| CRM/ACHHAM/NCB/W/R1/001/2081-082 | Construction of Birkhamma Chirkitte Hudaie Chaupaya Road Chaurpati-7, 3, 2, Achham. | Laligurans/Hillway JV Dailekh. | Rs. 7,751,052.43 | |

**प्रमुख प्रशासकिय अधिकृत**



## युएइमा रोजगार
कम्पनी : EMIRATES LEADERS FORT GENERAL CONTRACTING - L.L.C - O.P.C
पूर्व स्वीकृति मिति : २०८१/११/२३ | LT. No. 320062 | चलानी नं. ६०२३४१५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 10 | 0 | 1200 | ४५,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter Assistant | 5 | 0 | 1100 | ४१,७५० | | | | | | | |

कम्पनी : NATIONAL.PAINTS FACTORIES CO.LTD.CONT.BR.L.L.C
पूर्व स्वीकृति मिति : २०८१/११/२३ | LT. No. 320061 | चलानी नं. ६०२३४१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Painter | 20 | 0 | 1200 | ४५,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | building painter assistant | 15 | 0 | 1100 | ४१,७५० | | | | | | | |
| 3 | Helper | 10 | 0 | 900 | ३४,१५५ | | | | | | | |
| 4 | Stevedores | 20 | 0 | 1100 | ४१,७५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र २ गते (15 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1682/080/081
**NEPAL WORLD OVERSEAS PVT.LTD**
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677,
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com



## युएइमा रोजगार
कम्पनी : SKILL FORCE SECURITY SERVICES L.L.C.
पूर्व स्वीकृति मिति : २०८१/०७/२३ | पुनः विज्ञापन स्वीकृति मिति : २०८१/११/२३ | LT. No. 313188 | चलानी नं. ६०२२७६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 45 | 0 | 2000 | ७५,९०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान : बाजेको सेकुवा नागढुंगा पोखरामा मितिः २०८१ फागुन २८ गते (12th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEPAL GATE WAY OVERSEAS PVT.LTD.** Govt. License 759/064/065
Kalanki 14, Kathmandu, Nepal, Tel.- +977- 01-5219205, 5219584, Fax: 4361050



## कुवेतमा रोजगार
कम्पनी : Mommy and Me Beauty Center for Ladies Beauty Salon Co.
पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319921 | चलानी नं.६०२३४१०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Technicians | 0 | 1 | 150 | ६७,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al-Zomrouda Company For Food Supplies
पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319928 | चलानी नं.६०२३४११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 0 | 150 | ६७,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook General | 5 | 0 | 160 | ७२,४१० | | | | | | | |
| 3 | Waiters | 5 | 0 | 150 | ६७,८८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र २ गते (15 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.** Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com



## साउदीमा रोजगार
कम्पनी : DRIP COFFEE CAFÉ FOR SERVING MEALS
पूर्व स्वीकृति मिति : २०८१/०५/२० | LT. No. 310304 | चलानी नं. ६०२२४९२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 8 | 0 | 1300 | ४८,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र २ गते (15 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ४३५/०६०/०६१
**Prince International Employment Service Pvt. Ltd.**
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com



## कुवेतमा रोजगार
कम्पनी : ABEER ALI LADIES BEAUTY SALON COMPANY
पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319883 | चलानी नं. ६०२३४१०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 6 | 150 | ६७,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २ गते (15th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३०१/०५९/०६०
**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

प्रभाव दैनिक

रूपशाला



### चलचित्र 'मुगलान' निर्माण हुने

नेपाली फिल्म उद्योगमा ऐतिहासिक र सफल चलचित्रहरूको सूचीमा 'मुगलान' नाम एक महत्त्वपूर्ण माइलस्टोनको रूपमा दर्ज छ । यसअघि निर्माण भएको चलचित्र मुगलान अत्यन्त सफल रह्यो, जसले नेपाली समाजको कथा विश्वभर पुऱ्याउन सफल भयो । सोही नामबाट पुन चलचित्र बन्ने भएको छ । चलचित्रको शुक्रबार भैरव मन्दिर, ज्ञानेश्वरमा  शुभ-मुहूर्त गरियो । चलचित्रको लेखन, गीत तथा निर्देशन आशिष ढकालको रहनेछ। द्वन्द्व निर्देशन राम गुरू, छायांकन अजय रेग्मी र संगीत किरण भुषाल तथा हरि गिरी 'विमर्शी'को रहनेछ ।

शनिबार, २४ फागुन २०८१ (Saturday, March 08, 2025)

# ब्युटिसियन ट्यालेन्ट नेपालका लागि छानिए १० प्रतियोगी




■ प्रभाव संवाददाता

**काठमाडौं–** एच्यु हेयर वेल 'ब्युटिसियन ट्यालेन्ट नेपाल २०२५' सिजन ७ को पहिलो अडिसन अडिसनबाट दश प्रतियोगी छानिएका छन् ।

रोज ब्युटी एकेडेमी र विलक्षण क्रियसन प्रालिद्वारा आयोजित प्रतियोगिताको रविभवन स्थित रोज ब्युटी एकेडेमीमा पहिलो अडिसन आयोजना भएको थियो । जसबाट १० प्रतियोगी छानी सफल भएका हुन् । प्रतियोगिताको अर्को अडिसन यही २८ फागुनमा हुनेछ ।

ब्युटिसियन ट्यालेन्ट नेपाल २०२५ सिजन सेभेनको प्रमुख अतिथिमा उज्ज्वल मानन्धर र विशेष अतिथिमा लोकप्रिय हास्य अभिनेत्री पल्पसा डङ्गोल थिए ।

प्रतियोगिताको निर्णायकमा रोज ब्युटी एकेडेमीकी म्यानेजिङ डिरेक्टर एवम् कस्मोलोजिष्ट परिषी कारंजित, लायन्स क्लब अफ काठमाडौं अभियानको अध्यक्ष नकुल गिरी, कोषाध्यक्ष सुरेन्द्र गिरी, ब्युटिसियन ट्यालेन्ट नेपालकी पहिलो विजेता एवम् सञ्चारकर्मी गायिका सरिता भारती, ब्युटिसियन ट्यालेन्ट नेपाल २०२० की विजेता लिना डङ्गोल, मिस ब्युटीफुल विजेता सनम खड्गी, ब्युटिसियन ऋतु पौडेल थिए । यस्तै ब्युटिसियन ट्यालेन्ट नेपाल २०२४की फस्ट रनरअप निशा थापा बस्नेतलगायत पनि सो अडिसनमा अतिथिको रूपमा रहेका थिए ।

रोज ब्युटी एकेडेमीकी प्रबन्ध निर्देशक एवम् कस्मोलोजिष्ट परिषी कारंजितले प्रतियोगीहरूलाई आफूहरूले विभिन्न प्रशिक्षण दिएर अझ प्रतिभावान् बन्न सघाउने बताइन् ।

## नेपाल चलचित्र कलाकार संघको साधारणसभा

**काठमाडौं (प्रस)–** नेपाल चलचित्र कलाकार संघको २०८१ सालको साधारण सभा आगामी चैत्र ४ गते सम्पन्न हुने भएकोले संघले सबै सदस्यलाई सदस्यता नविकरण गर्न आह्वान गरेको छ । केही सदस्य कलाकारहरूले अझै सदस्यता नविकरण गर्न बाँकी राखेका छन् । संघका महासचिव सविन श्रेष्ठको संयोजकत्वमा साधारण सभा तयारी व्यवस्थापन समिति गठन गरिसकिएको छ, जसले सभा सफलतापूर्वक सम्पन्न गर्ने तयारी गरिरहेको छ ।

संघका अध्यक्ष मोहन निरौलाले सदस्यता नविकरण नगरेका सदस्यहरूलाई संघको विधानको परिच्छेद ३, दफा ८ (घ) अनुसार ७ वर्षसम्म सदस्यता नविकरण नगरेमा सदस्यता खारेज हुने बारे जानकारी दिए ।

यसैले, नविकरण नगरेका सदस्यहरूलाई यथाशीघ्र प्रक्रिया पूरा गर्न अनुरोध गरिएको छ । त्यसैगरी, चलचित्र विकास बोर्डले चलचित्रकर्मी परिचय पत्र वितरणको सम्बन्धमा सूचना प्रकाशित गर्दै संघलाई जानकारी गराएको छ । सोही आधारमा, मापदण्ड पूरा गरेका कलाकारहरूलाई परिचय पत्रका लागि निर्धारित मितिभित्र आवेदन दिन पनि संघले आग्रह गरेको छ ।

साधारण सभा र सदस्यता नविकरणका सबै प्रक्रिया समयमै पूरा गर्न अपिल गरिएको छ ।

# सुनिल अभिनित 'आफ्नो भन्नु तिमी थियौ' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं –** मोडल सुनिल खनाल अभिनित 'आफ्नो भन्नु तिमी थियौं' गीत सार्वजनिक भएको छ । ह्यान्डसम मोडलका रूपमा परिचित खनालले यस गीतमा विक्रम बुढाथोकी र विनिता ओलीसँग स्क्रिन शेयर गरेका छन् ।

चर्चित गायक प्रमोद खरेलको स्वरमा रहेको 'आफ्नो भन्नु तिमी थियौं'को शब्द संगीत सुवास कार्कीको रहेको छ भने विशाल निरौलाले गीतको एरेन्ज गरेका छन् । उत्तम श्रेष्ठको निर्देशन रहेको भिडियोको निर्माण रोशन परियारले गरेका छन् । मेशाना म्युजिक युट्युब च्यानलबाट सार्वजनिक भएको गीत प्रेमभावले ओतप्रोत रहेको छ ।

रंगशाला

दोस्रो वीरगञ्ज गोल्डकप

# उपाधिका लागि मच्छिन्द्र र नेपाल पुलिस भिड्दै




■ प्रभाव संवाददाता

**वीरगञ्ज (पर्सा)–** दोस्रो वीरगञ्ज गोल्डकप प्रतियोगिताको उपाधिका लागि मच्छिन्द्र क्लब र नेपाल पुलिस क्लबबीच प्रतिस्पर्धा हुने भएको छ । वीरगञ्जको आर्दशनगर रङ्गशालामा (आज) शनिबार उपाधिका लागि दुवै टिम आमनेसामने हुने भएका छन् ।

मच्छिन्द्र क्लबले क्वाटरफाइनलमा चर्च ब्वाइज युनियन क्लबलाई २-१ गोलअन्तरले हराउँदै सेमिफाइनमा प्रवेश गरेको थियो । मछिन्द्रले सेमिफाइन खेलमा सहलेश फुटबल क्लब सिराहालाई ३-१ गोलअन्तरले हराउँदै फाइनलसम्मको यात्रा तय गरेको हो ।

नेपाल पुलिस क्लबले पनि क्वाटरफाइनलमा बागमती युथ क्लब सर्लाहीलाई २-१ गोलअन्तरले हराउँदै सेमिफाइनलको यात्रा तय गरेको थियो ।

नेपाल पुलिस क्लवले सेमिफाइनलमा आयोजक वीरगञ्ज युनाइटेड क्लबलाई ट्राईब्रेकरमा ७-६ गोलअन्तरले हराउँदै फाइनलसम्मको यात्रा तय गरेको हो । नेपाल पुलिस क्लबका कप्तान रामचन्द्र वाजीले पुलिस क्लबले वीरगञ्ज गोल्डकपमा पहिलो संस्करणमा जस्तै उत्कृष्ट खेल खेल्दै उपाधि उचाल्ने दावी गरे । 'हामीले पहिलो संस्करणको वीरगञ्ज गोल्डकपको उपाधि हात पारेका थियौं । यो वर्ष पनि उपाधि जित्ने लक्ष्यसहित मैदानमा उत्रिनेछौं', उनले भने, 'फाइनल जित्ने रणनीतिसहित मैदानमा खरो उत्रिनेछौं ।'

मच्छिन्द्र क्लवका कप्तान विशाल श्रेष्ठले पनि पछिल्ला दुई प्रतियोगिताको लगातार उपाधि मच्छिन्द्र क्लबले जितेकाले पनि वीरगञ्ज गोल्डकप पनि आफ्नो टिमले जित्ने गरी खेल पस्किने जानकारी दिए । 'हामीले फाइनल खेल सम्मानजनक खेल खेल्दै उपाधि रक्षा गर्ने रणनीति बनाएका छौं', उनले भने, 'हाम्रोतर्फबाट उत्कृष्ट खेल्नेछौं ।'

शुक्रबार नै दुवै टिमका कप्तानले दोस्रो वीरगञ्ज गोल्डकपको ट्रफी समेत सार्वजनिक गरेका थिए । प्रतियोगिताको बिजेताले रु ११ लाख ११ हजार एक सय एघार,ट्रफी,मेडल र प्रमाणपत्र र उपबिजेता हुने टोलीलाई रु पाँच लाख ५५ हजार पाँच सय ५५ रूपैयाँ नगद, ट्रफी, मेडल र प्रमाणपत्रले पुरस्कृत गरिनेछ । प्रतियोगिताको सर्वोकृष्ट खेलाडीलाई स्कुटर प्रदान गरिनेछ । प्रतियोगितामा उत्कृष्ट गोलरक्षक र उत्कृष्ट प्रशिक्षकलाई जनही रु २० हजार नगद पुरस्कार प्रदान गरिनेछ ।

# सहिद स्मारक 'बी' डिभिजन लिग फुटबलको तयारी पूरा

■ प्रभाव संवाददाता

**काठमाडौं–** अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को आयोजनामा यही फागुन २५ गतेदेखि राजधानीमा सहिद स्मारक 'बी' डिभिजन लिग फुटबल प्रतियोगिता हुने भएको छ ।

सिङ्गल राउन्ड रोबिनका आधारमा हुने उक्त प्रतियोगितामा कुल ९१ वटा खेल सञ्चालन हुने शुक्रबार आयोजित पत्रकार सम्मेलनमा एन्फाका प्रवक्ता सुरेश शाहले जानकारी दिए । उनका अनुसार प्रतियोगिता दशरथ रंगशाला र सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा हुनेछ ।

प्रतियोगितामा देशभरका १४ क्लबको सहभागिता रहने छ । जसमा आरसिटी क्लब, श्री भगवती क्लब, टुसाल युथ क्बल, ब्रिगेड व्वाइज क्लब, ब्वाइज युनियन क्लब, मध्यपुर युथ क्लब, च्यासल युथ क्लब र बाँसबारी क्लब सहभागी छन् । त्यसैगरी श्रीकुमारी क्लब, नयाँ बस्ती युथ क्लब, सरस्वती युवा क्लब, वीरगञ्ज युनाइटेड क्लब, झापा फुटबल क्बल र प्लानिङ युनाइटेड क्लब रहेका छन् । एन्फाले उक्त प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ ।

प्रतियोगिताको मार्केटिङ, टिकेटिङ र ब्रोडकास्टिङ अधिकार एमडिएसी स्पोर्टस्लाई प्रदान गरेको छ । उक्त प्रतियोगिताको टिकट दर दशरथ रङ्गशालामा साधारण प्याराफिटतर्फ रु एक सय र भिआइपी प्याराफिटतर्फ रु तीन सय तोकिएको छ । त्यस्तै सातदोबाटोमा सामान्य प्याराफिटर्फ रु एक सय कायम गरिएको छ ।

प्रतियोगिताको विजेताले रु १५ लाख प्राप्त गर्ने छभने उपविजेताले रु १० लाख पाउने छ । त्यसैगरी तेस्रो हुने टोलीले रु पाँच लाख पाउने छ । प्रतियोगितामा फेयर प्ले टिमले रु एक लाख, उत्कृष्ट गोलकिपरले रु ५० हजार, सर्वाधिक गोलकर्ताले ५० हजार र प्लेयर अफ द म्याच घोषित हुने खेलाडीले रु सात हजार पाँच सय पाउने छ । त्यसैगरी हरेका खेलका विजयी हुने टोलीले रु २५ हजार तथा बराबरी भएमा टोलीले रु १० हजार पाउने छ ।


## शैल्यशिखर नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
### गोकुलेश्वर, दार्चुला
### सुदूरपश्चिम प्रदेश , नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८१।११।२४**

यस कार्यालयबाट मिति २०८१।१०।२१ गते प्रकाशित सूचना अनुसार तपशीलका निमाण व्यवसायिको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागी सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृति सम्बन्धी ७ (सात) दिने सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. स. | ठेक्काको नाम, नम्बर | छनौट भएका बोलपत्र दाताको नाम, ठेगाना | कबोल अंक रू (भ्याट बाहेक) |
|---|---|---|---|
| १ | Construction Of School Building Of Gokuleshwor Namuna Ma Vi Gokule (SM/NCB/WORK/GSB1/2081/82) | Rd Builders Shailyashikhar-08, Darchula | 59,96,868.4 |

प्रमुख प्रशासकीय अधिकृत



पूर्वी चीनको जियाङ्सु प्रान्तको नाञ्जिङस्थित वनस्पति उद्यानमा ढकमक्क फूलेका फूलहरूसँग आनन्द लिइरहेका मानिसहरू । *तस्बिरः सिन्ह्वा*

# मेक्सिको र क्यानाडामाथिको भन्सार शुल्क फिर्ता

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार क्यानाडा र मेक्सिकोलाई लक्षित केही भन्सार शुल्कहरू ढिलाइ गरेका छन् । यसबाट ओटावालाई प्रतिकारका उपायहरूको आगामी लहर रोक्न अग्रसर गरायो भने वित्तीय बजारहरूमा प्रतिकूल प्रभावपछि कम्पनीहरू र उपभोक्ताहरूलाई राहत प्रदान गरेको छ ।

अर्थशास्त्रीहरूले व्यापक भन्सार शुल्कहरूले अमेरिकी विकासमा असर गर्न सक्ने र मुद्रास्फीति बढाउन सक्ने चेतावनी दिएपछि ट्रम्पको २५ प्रतिशतसम्मको भन्सार शुल्क मंगलबार लागू भएपछि सेयर बजारहरू धराशायी भए । ट्रम्पले बिहीबार उत्तर अमेरिकी व्यापार सम्झौताले समेटेको क्यानाडा र मेक्सिकोबाट आयात हुने वस्तुहरूमा नयाँ भन्सार शुल्कहरूलाई रोक्ने आदेशमा हस्ताक्षर गरे । यद्यपि उनले आफ्नो निर्णयहरू बजार अस्थिरतासँग जोडिएको सुझावलाई खारेज गरे ।

अप्रिल २ सम्म रहने यो विलम्बले सवारी निर्माताहरूलाई राहत प्रदान गरेको छ । अटो क्षेत्रमा उत्पादनका क्रममा पार्टहरू धेरै पटक उत्तर अमेरिकी सीमाहरू पार गर्दछन् । 'बिग थ्री' अमेरिकी सवारी निर्माताहरू- स्टेलान्टिस, फोर्ड र जनरल मोटर्ससँगको वार्तापछि वासिङ्टनले सुरुमा संयुक्त राज्य अमेरिका-मेक्सिको-क्यानाडा सम्झौता (युएसएमसिए) मार्फत आउने अटोहरूमा एक महिनाको छुट घोषणा गरेको थियो ।

ह्वाइट हाउसका एक अधिकारीका अनुसार क्यानाडाली आयातको लगभग ६२ प्रतिशत आयातले अझै पनि नयाँ भन्सार शुल्कको सामना गर्ने छ । यद्यपि यीमध्ये धेरै ऊर्जा उत्पादनहरूमा १० प्रतिशतको कम दरमा कर लाग्छ । मेक्सिकोबाट आयातको लगभग आधा युएसएमसिएमार्फत आउँछ ।

'पछिल्ला कदमहरूले हाम्रा अमेरिकी कार निर्माताहरूका लागि अवस्था धेरै अनुकूल बनाएको छ,' ट्रम्पले बिहीबार भने । ट्रम्पको निर्णयपछि तुरुन्तै क्यानाडाका वित्तमन्त्री डोमिनिक लेब्लान्कले एक्समा लेखे, 'हाम्रो देशले अप्रिल २ सम्म एक खर्ब २५ अर्ब डलर मूल्यका अमेरिकी उत्पादनहरूमा दोस्रो चरणको भन्सार करहरू अगाडि बढाउने छैन, जबकि हामी सबै भन्सार करहरू हटाउनका लागि काम गरिरहेका छौं ।'

ट्रम्पले थप करहरू अप्रिल २ मा आउने र ती 'पारस्परिक प्रकृतिका' हुने बताए । उनले यसअघि वासिङ्टनले अनुचित ठानेका अभ्यासहरूको उपचार गर्न पारस्परिक भन्सार शुल्क लगाउने प्रतिज्ञा गरेका थिए । त्यस समयमा क्यानाडाली र मेक्सिकाली वस्तुहरूले अझै पनि भन्सार शुल्कको सामना गर्न सक्छन् । ट्रम्पले अर्को हप्ताबाट लागू हुने स्टिल र एल्युमिनियम आयातका लागि व्यापक भन्सार शुल्कमा संशोधन नगर्ने पनि बताए । नयाँ उपायहरूका बावजुद बिहीबार अमेरिकी सेयर बजारहरू फेरि घटे ।

## असाधारण प्रगति

ट्रम्पले बिहीबार ओभल अफिसमा पत्रकारहरूलाई उनको मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनबामसँग 'धेरै राम्रो कुराकानी' भएको बताए । उनले अवैध आप्रवासन र संयुक्त राज्य अमेरिकामा आउने लागूऔषधहरू दुवैमा 'अत्यधिक प्रगति' भएको दाबी गरे । दुवै कारण वासिङ्टनले मेक्सिको, क्यानाडा र चीनमा भन्सार शुल्क लगाउँदा उल्लेख गरिएका थिए ।

क्यानाडाली प्रधानमन्त्री जस्टिन ट्रुडोसँगको तनावपूर्ण सम्बन्धको तुलनामा उनको भनाइ एकदमै फरक थियो । ट्रुडोले बिहीबार 'केही क्षेत्रहरूका लागि अवरोध' भए पनि ओटावा 'निकट भविष्यका लागि' वासिङ्टनसँग व्यापार युद्धमा रहने बताएका थिए । 'हाम्रो लक्ष्य यी भन्सार शुल्क, सबै भन्सार शुल्कहरू हटाउनु हो,' उनले भने । क्यानाडा र अमेरिकी सरकारको तथ्यांकअनुसार क्यानाडाले अवैध अमेरिकी आपूर्तिमा फेन्टानिलको एक प्रतिशतभन्दा कम योगदान गर्दछ ।

यसैबीच चीनले फेन्टानिल आपूर्ति शृंखलामा आफ्नो भूमिकाको अमेरिकी आरोपलाई अस्वीकार गरेको छ र यसको सट्टा यस मुद्दामा वासिङ्टनसँगको सहकार्यको प्रशंसा गरेको छ । 'संयुक्त राज्य अमेरिकाले दयालाई रिसले बदला लिनु हुँदैन, विनाकारण भन्सार शुल्क लगाउन छोड्नुहोस्,' चिनियाँ विदेशमन्त्री वाङ यीले बेइजिङमा भने, 'चीन-अमेरिका आर्थिक र व्यापारिक सम्बन्ध पारस्परिक छन् । यदि तपाईंले सहयोग गर्न रोज्नुभयो भने, तपाईंले पारस्परिकरूपमा फाइदाजनक र विन-विन परिणामहरू प्राप्त गर्न सक्नुहुन्छ । यदि तपाईंले दबाबमात्र प्रयोग गर्नुभयो भने, चीनले दृढतापूर्वक प्रतिरोध गर्ने छ ।' *रासस/एएफपी*

# ठूलो व्यापारिक सम्झौताका लागि साउदी अरब जाने ट्रम्पको घोषणा

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुस र युक्रेनसँगको अमेरिकी कूटनीतिका लागि महत्त्वपूर्ण स्थल बनेको साउदी अरबसँग ठूलो लगानीका लागि सम्झौता गर्न सुझाव दिँदै आफूले साउदी अरबको भ्रमण गर्ने योजना बनाएको बताएका छन् ।




साउदी अरबमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट्ने कि नभेट्ने भन्ने प्रश्नमा ट्रम्पले तेलको धनी खाडी मुलुकमा भ्रमण गर्ने आफ्नो इच्छा रहेको तर भ्रमणको मुख्य उद्देश्य व्यापार नै हुने उनले बताए ।

'म साउदी अरब जाँदै छु,' ट्रम्पले पत्रकारसँग भने, 'मैले साउदी राजासँग भनेको थिएँ, यदि तपाईंले अमेरिकी कम्पनीहरूलाई एक ट्रिलियन डलर दिने प्रतिबद्धता (चार वर्षको अवधिमा एक ट्रिलियन डलरको खरिद गर्ने रकम छुट्टाउनुभयो) भने म त्यहाँ जान्छु ।'

उनले आफ्नो भनाइलाई थप व्याख्या गर्दै भने, 'उनीहरू त्यसो गर्न सहमत भएका छन्, त्यसैले म त्यहाँ जाँदै छु ।' ह्वाइट हाउस फर्केपछि अहिलेसम्म विदेश भ्रमण नगरेका ट्रम्पले सन् २०१७ मा कार्यभार सम्हालेपछि साउदी अरबलाई आफ्नो पहिलो विदेश गन्तव्य बनाएका थिए ।

उनले सन् २०१७ मा आफ्नो पहिलो यात्रामा बेलायतको सट्टा साउदी अरब जाने निर्णय गरेको बताएका थिए । उक्त समय साउदी अरबले ४५० अर्ब अमेरिकी डलर बराबरको अमेरिकी उत्पादन किन्ने वाचा गरेको थियो ।

ट्रम्पले साउदी अरबसँग घनिष्ठ व्यापारिक सम्बन्ध गाँसेसँगै ट्रम्प अर्गनाइजेसनले गत डिसेम्बरमा जेद्दाहमा ट्रम्प टावर बनाउने घोषणा गरेको थियो । आफ्नो पछिल्लो कार्यकालमा ट्रम्पले साउदी अरबले अमेरिकासँग हतियार खरिद गरेको कारण विद्रोही पत्रकार जमाल खशोग्गीको हत्या आरोप लागेका युवराज मोहम्मद बिन सलमानलाई सहयोग गर्ने बताएका थिए ।

पूर्वराष्ट्रपति जो बाइडेनले सुरुमा युवराजलाई मानवअधिकारका कारण 'पराया' बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए तर पछि उनको प्रशासनले साउदी अरबलाई रक्षा सम्झौताको मस्यौदासहित इजरायललाई मान्यता दिन प्रोत्साहित गर्ने प्रयास गरेको थियो ।

ट्रम्प प्रशासनले साउदी अरबलाई इजरायलसँगको सम्बन्ध सामान्यीकरण गर्न राजी गराउने प्रयासमा पूर्ण गतिले अघि बढ्ने प्रतिज्ञा गरेको छ । यो राज्य इस्लामका दुई पवित्रस्थल भएको ठाउँ भएकोले यो एक ऐतिहासिक कदम हुने छ । *रासस/एएफपी*

## पेरिसको रेल स्टेसनमा दोस्रो विश्वयुद्धको बम फेला

**पेरिस–** फ्रान्सको सबैभन्दा व्यस्त टर्मिनलतर्फ जाने रेलमार्गमा दोस्रो विश्वयुद्धको बम फेला परेपछि पेरिस गारे डु नोर्ड रेल स्टेसनमा शुक्रबार यातायात रोकिएको अधिकारीहरूले बताएका छन् ।

राष्ट्रिय एसएनसिएफ रेल कम्पनीले सेन्ट डेनिस उपनगरको क्षेत्रमा मर्मत कार्यको क्रममा रातभर 'रेलमार्गको बीचमा' विष्फोट नभएको बम फेला परेको बताएको छ ।

आरइआरबी उपनगरीय रेलले एक्समा लेखेको पोस्टमा बम 'दोस्रो विश्वयुद्धको समयको' भएको उल्लेख छ । पेरिस प्रहरीले यन्त्रलाई निष्क्रिय पार्ने काम गरिरहेकाले युरोस्टार रेलहरूका साथै उच्च-गति र स्थानीय सेवाहरू सञ्चालन गर्ने रेल स्टेसनमा सबै ट्राफिक बन्द गरिएको थियो ।

गारे डु नोर्ड रेल स्टेसन पेरिसको उत्तरमा अवस्थित छ र देशको सबैभन्दा व्यस्त रेल टर्मिनल हो । एसएनसिएफका अनुसार यो टर्मिनलले प्रत्येक दिन अनुमानित सात लाख मानिसलाई सेवा प्रदान गर्दछ । *रासस/एएफपी*

## महाभियोग लागेका दक्षिण कोरियाका राष्ट्रपति युन रिहा

**सियोल–** दक्षिण कोरियाको एक अदालतले महाभियोग लागेका राष्ट्रपति युन सुक योलको गिरफ्तारी शुक्रबार रद्द गर्दै उनको रिहाइका लागि अनुमति दिएको छ । निलम्बित राष्ट्रपतिका वकिलहरूले गत महिना उनको गिरफ्तारी रद्द गर्न अनुरोध दायर गरेका थिए र उनको हिरासत गैरकानुनी भएको तर्क गरेका थिए । अभियोजन पक्षले उनलाई अभियोग लगाउन धेरै लामो समय पर्खेको थियो ।



सियोल सेन्ट्रल डिस्ट्रिक्ट कोर्टको एउटा कागजातमा भनिएको छ, 'प्रतिवादीको हिरासत अवधि सकिएपछि अभियोग लगाइएको हो भन्ने निष्कर्षमा पुग्नु तर्कसंगत छ ।'

'प्रक्रियागत स्पष्टता सुनिश्चित गर्न र अनुसन्धान प्रक्रियाको वैधताको बारेमा कुनै पनि शंका हटाउन हिरासत रद्द गर्ने निर्णय जारी गर्नु उपयुक्त ठानिएको छ, ' अदालतले भनेको छ । पूर्वअभियोजक युनले डिसेम्बरमा केही समयका लागि नागरिक शासन निलम्बन गर्दैसंसद्मा सैनिक पठाएपछि दक्षिण कोरियाको राजनीतिमा उथलपुथल आएको थियो ।

महाभियोग लगाउनुभन्दा केही घण्टाअघि नै सांसदहरूले मतदान गरेर सैनिक शासनको घोषणा गरेको भन्दै उनविरूद्ध 'राज्य विद्रोह'को आरोपको प्रस्ताव दर्ता गरेका थिए । सियोलस्थित आफ्नो सरकारी निवासमा सुरक्षा टोली र अनुसन्धानकर्ताबीच तनावपूर्ण झडप हुँदा ६४ वर्षीय युनले दुई हप्तासम्म गिरफ्तारीको विरोध गरे पनि अन्ततः जनवरी १५ मा उनलाई हिरासतमा लिइएको थियो ।

उनले संवैधानिक अदालतमा महाभियोगको मुद्दाको पनि सामना गरिरहेका छन् । यसले उनलाई पदबाट हटाउने वा नहटाउने भन्ने निर्णय गर्ने छ । *रासस/एएफपी*

**भन्सार कर वृद्धिले चुलिँदै अमेरिकी-चीन विवाद**

# चीनका विदेशमन्त्री भन्छन्- 'राम्रो व्यवहारलाई नराम्रोले बदला दिने'

**बेइजिङ–** चीनका विदेशमन्त्री वाङ यीले चीनले संयुक्त राज्य अमेरिकाको 'मनपरि भन्सार शुल्क'को प्रतिशोध जारी राख्ने बताएका छन् । उनले देशको वार्षिक संसदीय सत्रको 'साइडलाइन' मा शुक्रबार पत्रकार सम्मेलनमा वासिङ्टनमाथि 'राम्रो व्यवहारलाई नराम्रोले बदला दिने' आरोप लगाए ।

अमेरिकाको फेन्टानिल संकट नियन्त्रण गर्न मद्दत गर्ने चीनको प्रयासलाई दण्डात्मक भन्सार शुल्कले जवाफ दिइएको भन्दै उनले यसबाट दुई मुलुकबीचको सम्बन्धलाई तनावपूर्ण बनाइरहेको बताए । 'कुनै पनि देशले चीनलाई दबाउन सक्छ र एकै समयमा चीनसँग राम्रो सम्बन्ध कायम राख्न सक्छ भन्ने कल्पना गर्नु हुँदैन,' वाङले भने, 'यस्ता दोहोरो कार्यहरू द्विपक्षीय सम्बन्धको स्थिरता वा आपसी विश्वास निर्माणका लागि राम्रा होइनन् ।'

जनवरीमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प कार्यालयमा फिर्ता आएदेखि दुवै मुलुकले प्रतिशोधपूर्ण जित्नेजति भन्सार शुल्कहरू पुनः लागू गर्न थालेका छन् । अमेरिकाले सबै चिनियाँ आयातमा २० प्रतिशतको समान भन्सार शुल्क लगाएको छ भने बेइजिङले कुखुरा, सुँगुरको मासु, सोया र गाईको मासुसहितका अमेरिकी आयातमा थप १५ प्रतिशत भन्सार शुल्क लगाएर तथा प्रमुख अमेरिकी कम्पनीहरूसँग व्यापार गर्न नियन्त्रण विस्तार गरेर प्रतिकार गरेको छ ।



अन्तर्राष्ट्रिय सहकार्यभन्दा माथि अमेरिकी हितको सुरक्षा गर्ने ट्रम्प प्रशासनको नीतिका बारेमा वाङले यस्तो दृष्टिकोण, यदि विश्वका हरेक देशले अपनाए भने 'जंगली कानुन' मा परिणत हुने बताए । 'साना र कमजोर देशहरू पहिले जल्ने छन् र अन्तर्राष्ट्रिय व्यवस्था तथा नियमहरू गम्भीर आघातमा पर्ने छन्,' वाङले भने, 'प्रमुख देशहरूले आफ्नो अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गर्नुपर्छ... र कमजोरहरूबाट फाइदा लिन र धम्की दिन खोज्नुहुन्न ।'

युक्रेन युद्धमा वाङले राजनीतिक वार्ताको माध्यमबाट द्वन्द्व समाधानलाई समर्थन गर्ने चीनको स्थितिलाई दोहोऱ्याए । उनले पछि फर्केर हेर्दा युक्रेन द्वन्द्व 'रोक्न सकिने थियो' भने । 'सबै पक्षले संकटबाट केही सिक्नुपर्छ,' उनले भने, 'अन्य धेरै कुरामध्ये, सुरक्षा पारस्परिक र समान हुनुपर्छ, र कुनै पनि देशले अर्कोको असुरक्षामा आफ्नो सुरक्षा निर्माण गर्नु हुँदैन ।'

वाङले युक्रेन युद्धको अन्त्यमा अमेरिका र रुसबीच हालैको परामर्शहरू भए पनि चीन-रूस सम्बन्ध पहिलेजस्तै बलियो रहेको कुरामा जोड दिए । बेइजिङ र मस्कोले यस वर्ष दोस्रो विश्वयुद्धको अन्त्यको ८०औं वार्षिकोत्सव मनाउन संयुक्त उत्सव मनाउने योजना बनाइरहेको पनि उनले बताए । *रासस/एपी*


**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१।११।२४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको, जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ७४ को ९०७.२२ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**मनकामना सामुदायिक वन उपभोक्ता समूह, बागमती-७, मकवानपुर**

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१।११।२४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको, जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ८८ को १११५.४७ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**जलेश्वरी सामुदायिक वन उपभोक्ता समूह, बागमती-७, मकवानपुर**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १७०२०० | प्रति तोला – ० | प्रति तोला – १९९० |

## आगामी बजेटबारे स्वास्थ्य र उद्योग मन्त्रालयसँग छलफल



■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटबारे अर्थ मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग छुट्टा-छुट्टै छलफल गरेको छ ।

छलफलका क्रममा अर्थ मन्त्रालयले आगामी वर्षको बजेटका लागि निरन्तरता दिनुपर्ने कार्यक्रम, परिमार्जित गर्नुपर्ने कार्यक्रम, स्थगित गर्नुपर्ने कार्यक्रम, हटाउनुपर्ने कार्यक्रम र नयाँ कार्यक्रमबारे तयारी गरी अघि बढ्न आग्रह गरेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको छलफलका क्रममा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले स्वास्थ्य बीमा कार्यक्रम, आधारभूत अस्पताल, स्वास्थ्य प्रतिष्ठानहरूको दायित्व, स्वास्थ्य क्षेत्रको जनशक्तिलगायतका विषयमा समीक्षा गरी तिनीहरूलाई प्रभावकारी बनाउने गरी कार्यक्रम बनाउन अनुरोध गरे ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले स्वास्थ्य क्षेत्रमा राज्य र निजी क्षेत्रको भूमिकालाई स्पष्ट पार्न जरुरी रहेको बताए । उनले बीमा कार्यक्रमलाई दीर्घकालीन बनाउने गरी कार्यान्वयन गर्न उपयुक्त हुने धारणा व्यक्त गरे ।

उद्योग मन्त्रालयसँगको छलफलमा अर्थमन्त्री पौडेलले नीतिगत विषयहरूलाई सम्बोधन गर्न र उद्योग तथा व्यापारिक क्षेत्रमा सहज हुने वातावरण सिर्जना गर्न आग्रह गरे । उनले रोजगारी सिर्जना, उत्पादनमा वृद्धि र देशमा कसरी औद्योगीकरण गर्न सकिन्छ, त्यसतर्फ ध्यान दिन जरुरी रहेको बताए । उद्योग मन्त्री दामोदर भण्डारीले नीतिगत रूपमा सुधार गर्दै तिनीहरूको कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

राष्ट्रिय योजना आयोगका सदस्य डा प्रकाशकुमार श्रेष्ठले कार्यान्वयन क्षमता कमजोर हुने र परिणाम दिन नसक्ने प्रवृतिमा सुधार गर्नुपर्ने बताए । छलफलमा अर्थ सचिव, राजस्व सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव, उद्योग मन्त्रालय सचिव, विभागीय प्रमुखलगायतको उपस्थिति थियो । अर्थ मन्त्रालयले यसअघि नयाँ आर्थिक वर्षको बजेटबारे भौतिक, सहरी र उर्जा मन्त्रालयसँग छलफल गरिसकेको छ ।

## 'सरकार निजी क्षेत्रसँग मिलेर काम गर्न चाहन्छ'

■ प्रभाव संवाददाता




**भैरहवा (रूपन्देही)–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दिपक खड्काले सरकारले निजी क्षेत्रसँग मिलेर काम गर्न चाहेको बताएका छन् । भैरहवामा शुक्रबार सम्पन्न सिद्धार्थ उद्योग वाणिज्य संघको ६६औं वार्षिक साधारणसभामा उनले निजी क्षेत्र कमजोर भए सरकार बलियो हुन नसक्ने तर्क गर्दै सबै मिलेर मुलुक निर्माणमा अगाडि बढ्नुपर्नेमा जोड दिए ।

रूपन्देहीमा देखिएको ट्रंक लाइन र डेडिकेटेड फिडर लाइनको समस्याबारे कुरा गर्दै मन्त्री खड्काले प्रयोग गरेको बिजुलीको बिल उद्योगीले तिर्ने दायित्व रहेको तर झुठा विवरणकै आधारमा उद्योगीलाई बिल तिर्न लगाउनु अत्याचार भएको टिप्पणी गरे । 'सरकारको जिम्मेवार निकायमा बस्ने, झुठा विवरण पेस गर्ने अनि जनतालाई दुःख दिने कुरा सरकारलाई किमार्थ स्वीकार्य हुँदैन', उनले भने, 'मलाई थाहा छ डेडिकेटेडका नाममा जसले त्यो प्रयोग नै गरेको छैन, उसलाई महशुल मात्र हैन हर्जानासमेत तिर्नुपर्छ भनेर बिल पठाइएको छ ।'

मन्त्री खड्काले रूपन्देहीकै २२ वटा उद्योग त्यही कारण समस्यामा परिरहेको भन्दै प्रयोग गरेको विद्युत् यकीन गरी उद्योगीले बिल तिर्नुपर्नेमा जोड दिनुभयो । डेडिकेटेड लाइन नजिकैबाट गएका आधारमा मात्र बिल तिर्न लगाउनु अत्याचार र अन्याय भएकाले सरकारले यसको समाधान गर्ने उनले आश्वासन दिए ।

मन्त्री खड्काले हिउँदमा अझै पनि एक हजार मेगावाट बिजुली खरिद गरिरहनुपरेका उल्लेख गर्दै अब ठूला आयोजनालाई अगाडि बढाउने, विद्युत् सुरक्षालाई ध्यान दिने, आन्तरिक रूपमा खपत बढाएर आम्दानीको स्रोत बढाउने सरकारको योजना रहेको सुनाए । 'सरकारले निर्णय गरेको छ, १० वर्षमा साढे १३ हजार मेगावाट बिजुली आमी आन्तरिक खपत गर्दैछौँ', उनले भने, 'सँगसँगै हामीसँग बढी भएको विद्युत् भारत र बंगलादेशलाई बेच्ने । यसरी हामीले आयात गरिरहेको कुरालाई निर्यातमा परिणत गरेर मुलुकलाई समृद्ध बनाउने, १० वर्षमा साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यका साथ काम गरिरहेका छौँ ।'

कार्यक्रममा उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले आयात र निर्यात दुवैमा समस्या रहेको बताउँदै निजी क्षेत्रलाई काम गर्ने वातावरण बनाइदिन आग्रह गरे । 'हाल बजारलाई चलायमान बनाउने विषयमा सरकारजस्तै निजी क्षेत्र पनि चिन्तित छौँ । भारतलाई नौ रूपैयाँप्रति युनिट बिजुली दिनुहुन्छ भने यहाँका उद्योगीलाई आठ रूपैयाँमा दिनुस् न, यहाँ देखिएको ट्रङ्कलाइन र डेडिकेटेड लाइनको विवाद पनि छिटो समाधान गरेमा केही समस्या समाधान हुनेछन्', उनले भने ।

महासंघका केन्द्रीय सदस्य राजेशकुमार अग्रवालले पुँजीगत खर्च बढाउन सुझाव दिए । उनले बजार चलायमान बनाउन घर जग्गाको कारोबार चलायमान बनाउन आवश्यक रहेको जिकिर गरे ।

लुम्बिनी प्रदेशसभा सदस्य सन्तोषकुमार पाण्डेले प्रदेशमा लुम्बिनीलगायत धेरै पर्यटकीय केन्द्रहरू रहेका कारण केन्द्र सरकारले यहाँ लगानी बढाउन आवश्यक रहेको बताए । उनले भैरहवामा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि आग्रह गरे ।

## प्रसारणलाइनको मोनोपोल राख्ने काम धमाधम

■ प्रभाव संवाददाता

**काठमाडौं–** बुटवल उपमहानगरपालिका-११स्थित कालिकापथको योगिकुटी चोकदेखि होराइजन चोकसम्मको सडक खण्डमा पर्ने प्रसारण लाइनको मोनोपोल राख्ने काम धमाधम भइरहेको छ ।

बुटवलबाट मोतीपुरतर्फको १३२ केभि डबल सर्किट प्रसारण लाइनको टावर (चार खुट्टा भएको) लाई हटाएर योगिकुटी-होराइजन चोक सडक खण्डमा मोनोपोल (एउटा मात्र खुट्टा) राख्न लागिएको छ ।

करिब एक किलोमिटर सडक खण्डको बीचमा रहेका चारवटा टावरलाई हटाएर राखिने मोनोपोलको जग (फाउण्डेसन) निर्माण भइरहेको छ । फाउण्डेसनको काम १५ दिनभित्रमा सकिने छ । मोनोपोल निर्माणस्थलमा आपूर्ति भइसकेको छ । उक्त सडक खण्डमा ३०-३० मिटरका दुईवटा र ३२-३२ मिटरका दुईवटा मोनोपोल जडान गरिने छ ।

चालू रहेको उक्त प्रसारण लाइनलाई करिब १५ दिन बन्द(सटडाउन) गरेर मोनोपोल जडान गरिने छ । उक्त खण्डमा रहेका पुरानो टावरलाई हटाइने छ । साथै, तार (कन्डक्टर) पनि नयाँ प्रयोग गरिनेछ ।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले निर्माणस्थलको अनुगमन गरी गर्मी सुरुहुनुभन्दा पहिले नै मोनोपोल जडान गरिसक्न आग्रह गरे । गर्मी सुरुभएपछि बुटवल क्षेत्रमा विद्युतको माग बढ्ने हुँदा प्रसारण लाइन सटडाउन दिन समस्या हुने भएकाले त्यसभन्दा अघिनै काम सक्न कार्यकारी निर्देशक घिसिङले बुटवल ग्रीड महाशाखालाई निर्देशन दिए ।

सडक र प्रसारण लाइन (तार) बीचको कम हुँदा सडकमा गुड्ने ठूला गाडीहरूले लाइन छोएमा हुन सक्ने दुर्घटनाको अन्त्य गर्न योगिकुटी- होराइजन चोक सडक खण्डमा मोनोपोल राख्न लागिएको हो । हाल सडक र लाइनबीचको दूरी ६ मिटरभन्दा कम छ । मानोपोल राखिएपछि सडक र लाइनबीचको दूरी करिब नौ मिटर हुनेछ ।

प्रसारण लाइनको टावर हाल बीचमा हुँदा उक्त सडक खण्ड साँघुरो रहेको छ । हालको टावरको बेसमेन्टको व्यास करिब ८ मिटर रहेको छ । मोनोपोलको बेसमेन्टको व्यास करिब साढे दुई मिटर मात्र हुनेछ । यसले गर्दा सडक पनि फराकिलो हुनेछ ।

साथै, मोनोपोल राखिएपछि हालको प्रसारण लाइनको मार्गाधिकार घट्ने भएकाले त्यसको दायाँ-बायाँ रहेका घरहरू पनि थप सुरक्षित हुनेछन् । मोनोपोल निर्माणका लागि ३ करोड ६५ लाख रूपैयाँमा ठेक्का सम्झौता भएको थियो । प्राधिकरणको लगानीमा निर्माण भइरहेको मोनोपोलको सम्पूर्ण काम अगागी जेठभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

## ग्लोबल आइएमईको 'म उद्यमी कर्जा' सार्वजनिक

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले साना तथा मझौला उद्यमी लक्षित ग्लोबल म उद्यमी कर्जा सार्वजनीक गरेको छ । महिला उद्यमीहरूलाई वित्तीय सहजीकरण गर्ने उद्देश्यसहित रोजगारीको विकास, सामाजिक विकास र स्थानिय समुदायहरूमा आर्थिक सशक्तिकरणमा सहयोग पुग्ने गरी बैंकले उक्त कर्जा ल्याएको हो । यस योजनाले महिलाहरूलाई उद्यमी भई व्यवसाय संचालन गर्न प्रोत्साहित गर्नेछ ।

महिलाहरूले नेतृत्व गरेको कृषि, उत्पादन, प्रसोधन तथा बजारीकरण क्षेत्रको घरेलु, साना तथा मझौला उद्योगलाई बैंकले विशेष प्रथमिकता दिइ कर्जा प्रदान गर्नेछ । यस योजनाअन्तर्गत आकर्षक सुबिधाहरू सहित न्यूनतम् ब्याजदरमा महिला उद्यमीहरूलाई १० करोड रूपैयाँसम्मको कर्जा प्रदान गर्दछ ।

महिलाहरूको कम्तीमा ५० प्रतिशत स्वामित्व भई उहाँहरूकै नेतृत्वमा व्यवसाय संचालन भएका व्यवसायहरू मात्र यस कर्जाका लागी योग्य हुनेछ । यो कर्जा योजनाअन्तर्गत ग्लोबलले उद्यमी कर्जा लिँदा बैंकले उद्यमी डिजिटल उपहार प्रदान गर्नेछ ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ ।




ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५५ शाखा कार्यालय, ३८५ एटिएम, २३७ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

## बन्द उद्योगको सम्पत्ति लिलामी प्रक्रिया थालियो

**बागमती–** हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले लामो समयदेखि बन्द रहेका तीन उद्योगको सम्झौत रद्द गरी सम्पत्ति लिलामी प्रक्रिया अघि बढाएको छ । विगत तीन/चार वर्षदेखि बन्द रहेको नेपाल ब्रुअरी प्रालि, ग्रिन गोल्ड इन्टरनेसनल प्रालि र बानिया मल्टी प्रोडक्ट प्रालिमाथि औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले कारबाही प्रक्रिया अघि बढाएको हो ।

विभिन्न कारणले बन्द रहेका ती उद्योगका सञ्चालकलाई सम्पर्कमा आउन पटकपटक पत्राचार गर्दै आए पनि सम्पर्कमा आउन नचाहनेले कारबाही अघि बढाइएको हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख सङ्गीता कुँवरले बताए । 'हामीले उद्योग सञ्चालकलाई निरन्तर फोन गरेर र पत्रचार गरेर बोलायौँ', प्रमुख कुँवरले भने, 'तर उहाँहरू आउनुभएन, त्यसैले सम्झौता रद्द गरी सम्पत्ति लिलामी प्रक्रिया अघि बढाएका हौँ, सम्पत्ति लिलामीका लागि सूचना जारी भइसकेको छ, छिट्टै प्रक्रिया पुऱ्याएर लिलामी गर्छौं ।'

यसैबीच हेटौँडा औद्योगिक क्षेत्रमा थप दुई उद्योग सञ्चालनमा आएका छन् । योसँगै औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगको सङ्ख्या एक सय ४६ पुगेको औधोगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ । पछिल्लो पटक थ्रिस्टार ग्रुपले रंगीन तथा सादा कर्कट पाता तथा बाबा मेनिफ्याक्चर प्रालिले टिनका स-साना बाकस उत्पादन गर्न सुरु गरेको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका सूचना अधिकारी रमेशराज नेपालले जानकारी दिए ।

अमेरिकी सरकारको आर्थिक सहयोगमा २०२० मङ्सिर २० गते स्थापना भएको सो औद्योगिक क्षेत्रभित्र हाल एक सय ४६ उद्योग तथा प्रतिष्ठानले जग्गा भाडामा लिएर व्यवसाय सञ्चालन गरिरहेका छन् । कूल तीन हजार दुई सय २८ रोपनी क्षेत्रफलमा फैलिएको सो औद्योगिक क्षेत्रभित्र हाल १० उद्योग निर्माणाधीन अवस्थामा छन् ।

कूल जग्गा क्षेत्रफलमध्ये हाल भाडामा दिएको दुई हजार एक सय ७८ रोपनी, खाली जमीन २६ दशमलव ५२ रोपनी र युटिलिटी सेवाले ओगटेको सडक सञ्जाल, विद्युतीकरण, ढल निकासलगायत संरचना निमार्ण क्षेत्रफल पाँच सय ९७ रोपनी रहेको छ ।

औद्योगिक क्षेत्रभित्र कार्यालयबाट निर्मित औद्योगिक भवन १०, गोदाम ११ र अन्य भवन ३४ रहेका छन् । औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले औद्योगिक क्षेत्रहाताभित्र रहेका उद्योग प्रतिष्ठानको आवश्यकता र मागका आधारमा औद्योगिक भवन, गोदाम, क्वाटर भवन र जग्गाको भाडा लिँदै आएको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ